(१) योग्य र तालिम प्राप्त प्रशिक्षकको अभाव,
(२) सिकाइको लागि अति आवश्यक हार्डवेर, कार्यशाला एवं सृटवेरको कमी,
(३) कार्यशाला एवं कार्यस्थलमा प्राक्टिकल अभ्यासको कमी,
(४) शिक्षालय स्तरमा स्रोत संकलन, स्रोत परिचालन, समय-व्यवस्थापन, प्रशिक्षक व्यवस्थापन, प्राक्टिकल अभ्यासको व्यवस्थापनमा गम्भीर कमजोरी,
(५) कार्यगत तालिमलाई छोट्याउनु र प्रभावकारी ढंगबाट व्यवस्थापन गर्न नसक्नु, र
(६) शिक्षालय स्तरमा नियमित अनुगमन नगर्नु, गुणस्तर बृद्धिमा ध्यान नदिनु, र शिक्षालयस्तरमा स्थानीय, प्रदेश र संघीय स्तरका जिम्मेवार संस्थाहरूबाट पर्याप्त सहयोग नपुग्नु ।

मैले यस लेखमा बाबु-आमा (परिवार), शिक्षक, विद्यालय, पेसाकर्मीहरू, रोजगारदाताहरू, विभिन्न तहका सरकार र प्राशिव्यताको लागि विशेष जिम्मेवारी तोकिएको संस्था (सिटिइभिटि) साधारण शिक्षा दिने संस्थाहरुलाई प्राशिव्यताको जिम्मेवार संस्थाको रुपमा लिएको छु । अब ती संस्थाहरूको संस्थागत विकास कसरी गर्न सकिन्छ भन्ने मेरा धारणाहरू तलका केही बुँदाहरूमा राख्दै छु । प्राशिव्यताको भविष्य जिम्मेवारी बहन गर्ने संस्थाहरूको विकास र सक्रियतामै भर पर्दछ ।

परिवारको सोचाइ र सक्षमता :

गरी खान किताबी विद्याको प्रमाणपत्र लिएर मात्र नपुग्ने रहेछ । सिप सिक्नै पर्ने रहेछ भन्ने चेतना आजका बाबुआमा र युवाहरूमा विकसित हुँदै गएको पाइन्छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सस्तो छैन । सिप सिक्नलाई प्रशस्त शैक्षिक समाग्री चाहिन्छ । सिप सिकेका शिक्षकहरू चाहिन्छ । सिक्ने राम्रो वाताबरण चहिन्छ । सिप सिक्न मेसिन औजारले भरिपूर्ण कार्यशालाहरू चाहिन्छ । यसका लागि सरकारको मात्र भर पर्नु, वैदेशिक रिन र सहयोगको मात्र आस गर्नु दिगो र पर्याप्त नहुन सक्छ । बाह्य रिन लियौं भने पनि हाम्रा सन्ततिले तिर्नै पर्छ । बाह्य रिनको व्यवस्थापन पनि त्यति सजिलो र प्रभावकारी देखिएको छैन । देशभित्र उठेको कर सबै कामका लागि पर्याप्त छैन । कर उठाउने र कर व्यवस्थापन प्रणाली पनि त्यति प्रभावकारी भैसकेको छैन । नभै नहुने कुरामा सहयोग चाहिन्छ, रिन पनि लिनु पर्ला । तर सबै कुरा रिन र सहयोगबाट संभव छैन । अत: परिवार वा बाबुआमा या प्रशिक्षार्थी आफैले शुल्क या सहयोगको रुपमा केही दिने गर्दा गुणस्तरीय सिप सिक्ने वातावरण जुटाउन सकिन्छ । त्यसैले आफ्नो औकातले सकेसम्मको शुल्क तिरौं, हरेक महिनामा एक दुई दिनको कमाई आफ्नो सन्तानका लागि लगानी गरौं, सक्दो सहयोग गरी भावि सन्ततीको भविष्य उज्वल राख्ने कोशिष गरौं । साह्रै विपन्नहरूको लागि स्थानीय स्तरको मूल्यांनमा छात्रवृत्तिको व्यवस्था गरौं । यस्तो समर्पण गर्न सकियो, यो जिम्मा लिन सकियो भने

शिक्षालयहरू लामो समयसम्म चल्न सक्ने र आवश्यकता अनुसारको गुणस्तरीय शिक्षा तथा सिप तालिम दिन सक्ने हुन्छन ।

राजनैतिक पार्टीहरूको सोच र कटिबद्धता :

अहिले देशमा बहुदलीय शासन व्यवस्था छ । धेरै दलको घोषणापत्र हेर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा जोड दिनुपर्छ भन्ने देखिन्छ । विकसित देशहरूमा ६०-७० प्रतिशतसम्म विद्यार्थी प्राशिव्यतामा गएको देखिन्छ । नेपालको सबै तहका संसदीय बैठकहरूमा यही आवाज घन्किएको सुनिन्छ । यो परिवर्तित एवं प्रशंसनीय सोच हो । तर प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई कसरी संभव गराउने, कसरी गुणस्तरीय बनाउने, कसरी दीगो र दीर्घकालीन गराउने, स्रोतहरू कसरी जुटाउने, प्राप्त स्रोतको सदुपयोग कसरी गराउने, सबै पक्षको सहयोग कसरी जुटाउने, योग्य शिक्षक कसरी छान्ने र योग्य शिक्षकलाई लामो समयसम्म विद्यालयमा कसरी टिकाइ राख्ने, र हरेक शिक्षण संस्था वा तालिम केन्>लाई राजनीतिभन्दा पृथक अनि माथि कसरी राख्ने भन्ने समझदारीको विकास भयो भने संस्थाहरू दिगो रुपले चल्न सक्छन् । यो केवल क्षणिक चुनावी नारामा सीमित हुनु भएन । पार्टीको लोकप्रियताको लागि मात्र बोल्नु भएन । पार्टी परिपक्व भयो भने मात्र सरकार परिपक्व हुन्छ । समयानुकूल सुधारिएको र दीगो शिक्षा प्रणालीले राजनैतिक स्थिरता पनि कायम राख्छ । पछाडि फर्कि फर्कि संधै राजनैतिक प्रणालि नै उल्ट्याउने क्रान्ति गरी राख्नु पर्दैन । सबैका लागि शिक्षा, सिपयुक्त शिक्षाले धेरै कुरामा स्थिरता ल्याउन सक्छ ।

प्राविधिक शिक्षा वा तालिमको स्थापनाका सर्तहरू :

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको माग व्यापक छ । बिना तैयारी अपरिपक्व ढंगबाट शिक्षालय खोलियो भने त्यो राम्रोसंग चल्न सक्दैन, दिगो हुन सक्दैन, भने जस्तो जनशक्ति उत्पादन गर्न सकिँदैन । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सुरु गर्नुपूर्व यी कुराहरूमा पुरा ध्यान जानु जरुरी छ:

(१) त्यस क्षेत्रमा कस्तो खालको शिक्षा र सिपको आवश्यकता छ त्यसको पहिचान हुनु पर्यो,

(२) सिपयुक्त योग्य शिक्षकको व्यवस्था हुनु पर्यो, योग्य र अनुभवी शिक्षक छान्नु पर्यो

(३) सिकाइको लागि उपयुक्त कक्षाकोठा कार्यशाला वा कार्य थलोको व्यवस्था हुनु पर्यो

(४) सक्षमतामा आधारित पाठ्यक्रम, पाठ्य सामग्री, सिकाइका लागि आवश्यक हार्डवेर र सृटवेर हुनु पऱ्यो र प्राक्टिकल गर्ने कामको योजना र सामग्री हुनु प-यो

(५) पर्याप्त मात्रामा संचालन खर्चको व्यवस्था हुनु पऱ्यो कति फी लिने, स्थानीय, प्रदेश र संघीय सरकारबाट कति सहयोग हुन सक्छ, प्राविधिक शिक्षामा लगानि गर्ने आर्थिक नीति स्पष्ट हुनु पऱ्यो । तव मात्र शिक्षालय वा तालिम केन्द्र वा चलिरहेको विद्यालयमा प्राविधिक धारका कार्यक्रमहरू खोल्नु उपयुक्त हुन्छ ।

शिक्षालय वा तालिम केन्द्रको व्यवस्थापन :

कुनै पनि शिक्षण संस्थाको सफलता र प्रभावकारिता शिक्षालय व्यवस्थापनमा भर पर्दछ । व्यवस्थापन भन्नाले शिक्षालयको लागि चाहिने भौतिक र मानवीय स्रोतहरू जुटाउने, प्राप्त स्रोतको अधिकतम उपयोग गर्ने, मरमत सम्भार गर्ने, सरकारको मात्र मुख ताकेर नबस्ने, विद्यालय स्तरबाट पनि स्रोतहरू जुटाउने गर्नु पर्दछ । शिक्षालय भौतिक र मानवीय साधन सम्पन्न हुनु पर्यो र व्यवस्थापन समिति पूर्ण रुपले जिम्मेवार हुनु पर्यो । हरेक स्रोत साधन र गतिविधि सिकाइलाई टेवा पुर्याउने खालको हुनु पर्यो । शिक्षण संस्थाभित्र राजनीतिक खिचातानी गर्नु भएन ।

(१) विद्यालयमा भौतिक साधन भन्नाले कक्षा कोठा, कार्यशाला, मेसिन, टुल औजार, सिक्नको लागि चाहिने हार्डवेयर, ठोस सामग्रीहरू आवश्यकता अनुसार जुटाउनु

पर्दछ । त्यस्तै भौतिक साधन भित्र पर्ने अरु सिक्ने सामग्रीहरू हुन पाठ्यक्रम, पाठ्य सामग्री, प्राकटिकल योजना र कार्यको निरन्तरताको लागि चाहिने सामग्रीहरू र अभ्यास गर्ने स्थलहरू ।

(२) शिक्षालयमा मानवीय साधन भन्नाले विशेष गरी विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति मानिन्छ । यिनीहरूको अत्यधिक परिचालन गराउनु विद्यालय व्यवस्थापनको प्रमुख काम हो । हरेक दिन हरेक मिनेट विद्यार्थीलाई सिकाइमा संलग्न राख्नु पर्यो, शिक्षकको तोकिएको हरेक मिनट सिकाइमा प्रयोग हुनु पर्यो । विद्यार्थीलाई प्रयोगात्मक सिकाइमा निरन्तररुपमा संलग्न गराइ राख्नु पर्यो । प्रअले पनि पढाउने र शिक्षक विद्यार्थीलाई सिक्ने सिकाउने काममा निरन्तर सहयोग पुर्याइ राख्नु पर्यो ।

(३) शिक्षालय व्यवस्थापनमा व्यवस्थापन समितिको पनि उत्तिकै ठूलो भूमिका रहेको हुन्छ । शिक्षालयमा स्रोत साधन जुटाउने, योग्य शिक्षकहरू राख्ने वा टिकाइ र ाख्ने, प्रअ, शिक्षक र विद्यार्थीलाई अधिकतम सहयोग गर्ने राम्रो सिकाइको लागि । शिक्षालय सुदृढीकरण र संस्थागत विकासका लागि हरतरहको सहयोग पुर्याउने । शिक्षालयलाई राजनैतिक अखडा हुनबाट जोगाउने । शिक्षालयको नियमित रुपले अनुगमन गर्ने । अनुगमनबाट देखिएका कमीकमजोरीहरूलाई हटाउन प्रअ, शिक्षक र विद्यार्थीलाई सहयोग गर्ने, सहकार्य गर्ने ।

विद्यार्थी र शिक्षक व्यवस्थापन :

विद्यालय वा शिक्षालयमा सबभन्दा महत्वपूर्ण विद्यार्थी हुन्छन् भने सबभन्दा शक्तिशाली प्रशिक्षक हुन्छन् । विद्यार्थी महत्वपूर्ण यस अर्थमा छन्: शिक्षालय, परिवार र देशको भविष्य उनीहरूमा निर्भर छ भने राज्यले शिक्षा मन्त्रीदेखि विद्यालय स्टाफ सम्मलाई गरेको खर्च भोलिका लागि योग्य विद्यार्थी बनाउनका लागि नै हो । शिक्षा प्रणालिले यो कुर ा बुझ्न सकेन भने गुणस्तरीय र दिगो शिक्षा हुन सक्दैन । शिक्षामा सबभन्दा शक्तिशालि तत्व शिक्षक हो । किनभने विद्यार्थी पास हुन सक्ने गरी पढाउने वा फेल हुने गरी पढाउनेह पढेपछि काम गर्न सक्ने गरी पढाउने वा काम गर्न नसक्ने गरी पढाउने सबै शक्ति शिक्षकमै हुन्छ । अत: देशको पुरा भविष्य शिक्षक वा प्रशिक्षकको हातमा छ ।

त्यसो भए सिपयुक्त योग्य शिक्षकको व्यवस्था कसरी गर्ने त ? हाल सबै खालका वा सबै क्षेत्रका प्राशिव्यताको लागि चाहिने प्राविधिक सिप, नरम सिप, र प्रशिक्षण सिप तीनै सिप एकै संस्थामा सिकाइ उत्पादन गर्ने कुनै एउटै संस्था (Single institute) छैन । तथापि विभिन्न विश्वविद्यालय वा फरकफरक संकाय (Faculty) हरूबाट उत्पादन गरिने इन्जिनियर, डक्टर, नर्स, कृषि विज्ञ, आदिलाई शिक्षक वा प्रशिक्षकमा नियुक्ति गर्नु अति राम्रो थालनी भएको छ । यो पेशामा प्रवेश गरेका वा गर्न चाहने यस्ता व्यक्तिहरूलाई आफुले पढाउने विषयमा केहि मात्रामा केही महिनाको (Andragogy, pedagogy skill, occupational technical skill and soft skills) दिएर काममा लगाइयो भने अति उत्तम शिक्षक बन्न सक्ने देखिन्छ । यस्ता प्रशिक्षकहरूलाई पेसामा टिकाइ राख्न हरेक वर्ष प्रतिस्पर्धात्मक परीक्षा गराई स्थायी नियुक्ति दिने, वृत्ति विकास (Career path) र अवकाशका सर्तहरू स्पष्ट गरिदिनु पर्छ । सेवा स्थानीय तहको भए पनि हुन्छ, प्रदेश स्तरको भए पनि हुन्छ । तर पद्धति भरपर्दो र विश्वासनीय हुनु पर्दछ । संघीय स्तरको बनाइ रहनु जरुरी देखिँदैन । हरेक पाँच वर्षमा शिक्षण लाइसेन्स नवीकरण गर्ने, पटक पटक स्कुलमै गएर तालिम दिने व्यवस्था गर्न सक्ने हो भने सक्षम शिक्षक बनाउन सकिन्छ भरपर्दो सेवा-पथ (Career path) र सुविधा दिन सके उनीहरूको निरन्तर र स्तरयुक्त सेवा पनि पाउन सकिन्छ ।

कार्यगत तालिमको व्यवस्थापन :

कार्यगत तालिमबाट बिद्यार्थीले धेरै राम्रो सिक्ने अवसर पाउँछन् । यदि कार्यगत तालिमलाई छोट्याउने र औपचारिकता पुर्याउने काम मात्र गरिन्छ भने त्यसले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको महत्वलाई नै नष्ट गर्दछ । हाल प्राशिव्यतामा ह्रास आउनुका धेरै कारणहरू मध्ये कार्यगत तालिमलाई छोटो बनाउनु र औपचारिकता पुरा गर्ने मात्र भएकोले पनि हो । अनुसन्धानबाट पनि यी कुराहरू पुष्टि भएका छन् ।

शिक्षालयहरूले कार्यगत तालिममा गर्नु पर्ने मुख्य कामहरू हुन :

(१) विद्यार्थीको सिकाइसँग उपयुक्त संस्थाको खोजि गर्ने र विद्यार्थीलाई त्यहाँ पठाउने व्यवस्था गर्ने,

(२) त्यस संस्थासँग सहकार्य गरी विद्यार्थीले सिक्नु पर्ने सक्षमता सूची तयार गर्ने,

(३) उपयुक्त सुपरभाइजरको व्यवस्था गर्ने,

(४) बेला बेलामा नियमित रुपले शिक्षालयबाट निरीक्षण गर्ने,

(५) सुपरभाइजरसँग सहकार्य गरी सिक्नु पर्ने सक्षमता सूची अनुसार हरेक विद्यार्थीले सिके नसिकेको एकीन गरी सबै सक्षमता (Competence) सिकाएर पास भैसके पछिमात्र प्रमाणपत्र दिलाउने । कार्यगत तालिमको अवधि बढाउन संस्थागत निर्णय गर्नु जरुरी छ । कार्यगत तालिमको अवधि कम्तीमा ६ महिनादेखि एक वर्षको हुनु जरुरी छ ।

प्रा शि ब्य ता मा बर्तमान हवस्थालाइ बिश्लेषण गर्दा बिभिन्न अवधिका बिभिन्न प्रकारका कार्यक्रमहरु संचालनमा धेरै संस्थाहरु संलग्न छन्। जहासंम प्राबिधिक शिक्षा तथा व्यवसायिक तालीमको भबिष्यको कुरा छ, तालिम दिने संस्थाहरुको संस्थागत विकास एवं सुदृढीकरणमा निर्भर गर्दछ। संस्थाहरुको बिश्लेषण गर्दा कार्यक्रममा दोहोरोपन (Duplication), ९-१२ को अब्यवहारिक पाठ्यक्रम, तालीम प्राप्त प्रशिक्षकको अभाव, प्रशिक्षकहरुको पेशागत पथ (Career path) को अभाव, शिक्षालयमा मेशिन, औजार, शैक्षिक सामग्रीको अभाव, प्रयोगात्मक सिकाई (Practical exercise) को कमी, अपर्याप्त नाम मात्रको On the Job Training, शिक्षालय तहमा प्रभावकारी ब्यवस्थापनको अभाव र बजेटको कमि देखिएका छन्। त्यसै गरी प्राशिब्यता मा गुणस्तर (Quality) मा प्रश्नहरु उठ्दै आएका छन्। प्रिडिप्लोमा, डिप्लोमा, ९-१२ प्राबिधिक धार र छोटो अवधिका तालीम कार्यक्रमहरुलाइ कसरी सुधार गर्ने र गुणस्तर कायम गर्ने, सीप बिकास संबन्धी आवधिक परियोजनाहरुलाई कसरी संस्थागत गरी निर्तरता दिने प्रश्नहरु प्रमुख रुपमा खडा भएका छन् ।

यदि यी प्रश्न तथा समश्याहरु समधान गर्न सकिएमा र मानबिकी र प्राबिधिक बीचको अन्तरसंबन्ध स्तापित गर्न सके प्राबिधिक शिक्षा तथा ब्यवशायिक तालिमको भबिष्य उज्वल देखिन्छ। ऐलेको परिबर्दित सन्दर्भमा हरेक नागरि कले आधुनिक ब्यवशायिक सीप सिक्नु अपरिहार्य जस्तै भएको छ। कुनै ब्यक्तिले डिप्लोमा गरेर बि ए, एम ए पढ्छ भने जुनसुकै तहको काम पनि गर्न सक्छ। विभिन्न तहका सरकारहरूको उत्तरदायित्व हाल देशमा तीन तहका सरकारहरू छन । संघीय, प्रदेश, र स्थानीय । विद्यार्थीले ज्ञान, सिप र व्यवहार सिक्ने काम केवल शिक्षालयको कक्षाकोठा, प्रयोगशाला र कार्यगत तालिम स्थलबाट मात्र हुन्छ । अझ स्पष्ट रुपमा भन्ने हो भने प्रशिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया र गतिबिधिबाट मात्र हुन्छ । अत: यी तीनै सरकारको मुख्य काम हो सिक्ने ठाउँहरूलाई प्रभावकारी बनाउने । शिक्षालयहरूलाई बढी सक्षम र स्रोतपूर्ण बनाउने । नियमित रुपले अनुगमन गरी हरतरहले प्रअ, शिक्षक र विद्यार्थीलाई सहयोग पुर्याउने ।

सिकाइलाई प्रभावकारी बनाउने मुख्य काम हुन् :

शिक्षा बजेटको बढी अंश विद्यालयमा पठाई दिने, शिक्षालयमै गई शिक्षकलाई तालिम दिने, पर्याप्त मात्रामा शैक्षिक सामग्रीको

व्यवस्था गर्ने, आन्तरिक मूल्यांकनमा बढी जोड दिने, प्रभावकारी सिकाइ र रोजगारीका लागि विद्यार्थीलाई काउन्सिलिङ सेवा दिने, सिकाइलाई सहयोग पुर्याउने खालका नीति बनाई लागु गर्ने । अभिभावक र शिक्षासँग सरोकार राख्ने सबैबाट सहयोग जुटाउने । मेरो ४०-५० वर्षको अनुभव र विचार मा संघीयदेखि स्थानीय तहका सरकारहरूले शिक्षालय वा विद्यालय, प्रअ, शिक्षक र विद्यार्थीलाई केन्द्र बिन्दु मानी आफ्नो उत्तरदायित्व पुरा गर्न सके भने प्राविधिक शिक्षा र व्यवसायिक तालिमको भविष्य उज्वल छ । यसले व्यक्तिदेखि सम्पूर्ण देशको विकासमा दह्रो ढङ्गले मद्दत गर्न सक्छ, संस्थाहरू चीरस्थायी हुन्छन्, विकास दिगो हुन सक्छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं
छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

Sunil Joshi
Propietor
LETS CONNECT
Mob.- 9841273418
** We deal all brands of Mobile & Mobile accessories.*
** Mobile & Laptop repairs also available.*

रक्तदानको महत्व

; lj gf >]7
उपसभापति, नेरेसो म.थि.उपशाखा

१. **परिचय :**

रक्तदान एक महत्वपूर्ण कार्य हो, जसले विश्वभर लाखौंको जीवन बचाउ छ । रक्तदानको प्रक्रियामा स्वैच्छिक रुपमा रगतदिनु समावेश छ, जुन त्यसपछि शल्यक्रिया, विभिन्न चिकित्सा अवस्थाहरुको उपचार, र आपतकालीन अवस्थामा चिकित्सा उद्देश्यका लागि प्रयोग गरिन्छ । रक्तदानको उद्देश्य स्वास्थ्य सेवामा चलिरहेको माग पूरा गर्ने रगतको स्थिर आपूर्ति प्रदान गर्नु हो । यसले रगत ट्रान्सफ्युजनको आवश्यकता भएका बिरामीहरुलाई सुरक्षित र मिल्दो रगतको पहुँच सुनिश्चितगर्न मद्दत गर्छ । अन्ततः, रक्तदानले आवश्यक परेका व्यक्तिहरुको स्वास्थ्य र कल्याणलाई दिगो बनाउन महत्वपूर्ण भूमिका खेल्छ, यसलाई विश्वव्यापीरुपमा स्वास्थ्य सेवा प्रणालीको एक आवश्यकपक्ष बनाउँछ । निम्न खण्डहरुले रक्तदानको महत्व र प्रभावका साथै यसले दाता र प्रापक दुवैलाई प्रदानगर्ने फाइदाहरुबारे थप जानकारी दिनेछ ।

२. **रक्तदानका फाइदाहरु :**

रक्तदान भनेको स्वेच्चिइक रुपमा रगत दिने निःस्वार्थ कार्य हो, जुन त्यसपछि रक्तदानको आवश्यकता परेका बिरामीहरुलाई मद्दत गर्न प्रयोग गरिन्छ । रक्तदानको उद्देश्यशल्यक्रिया, आघात हेरचाह, र विभिन्न चिकित्सा अवस्थाहरुको लागि उपचार जस्ता चिकित्सा प्रक्रियाहरुमा प्रयोग गर्न रगत सङ्कलन र भण्डारण गर्नु हो । रक्तदान गरेर, व्यक्तिहरुले जीवनबचाउन र अरुको स्वास्थ्य सुधार गर्न सक्ने महत्वपूर्ण स्रोत प्रदान गर्छन् । उदारताको यो कार्यले विश्वव्यापी स्वास्थ्य सेवा प्रणालीहरुमा महत्वपूर्ण भूमिका खेल्छ, किनकि यसले अस्पताल र स्वास्थ्य सेवा सुविधाहरुमा बिरामीहरुको आवश्यकताहरु पूरा गर्न रगत आपूर्ति पर्याप्त रहने सुनिश्चित गर्दछ । संक्षेपमा, रक्तदानको उद्देश्यचिकित्सा हस्तक्षेपहरुको लागि आवश्यक महत्वपूर्ण स्रोत प्रदान गरेर अरुको भनाइमा योगदान दिनु हो । अन्ततः, रक्तदानले खँचोमा परेकाहरुलाई मद्दत गर्ने र अरुको स्वास्थ्य र जीवनमा सकारात्मक प्रभावपार्ने मानवीय भावनालाई मूर्त रुप दिन्छ ।

रक्तदानले प्राप्तकर्ता र दाता दुवैको लागि धेरै फाइदाहरु छन् । सबैभन्दा महत्वपूर्ण फाइदाहरुमध्ये एक जीवन बचाउने क्षमता हो । प्रत्येक पटक एक व्यक्तिले रगतदान गर्दा, तिनीहरुसूग दुर्घटना पीडितहरु, शल्यक्रियाका विरामीहरु र रक्तअल्पता जस्ता चिकित्सा अवस्था भएकाहरुका लागि जीवन बचाउने उपचारमा योगदान गर्ने क्षमता हुन्छ । रगतदान गर्ने साधारण कार्यले अरु कसैको जीवनमा गहिरो परिवर्तन ल्याउन सक्छ, उनीहरुलाई सबैभन्दा ठूलो आवश्यकताको समयमा उनीहरुलाई आवश्यक पर्ने महत्वपूर्ण सहयोग प्रदान गर्दै जीवन बचाउने परोपकारी लाभहरुको अतिरिक्त, त्यहाँ दाताहरु आफैंका लागि चिकित्सा लाभहरु पनि छन् । नियमित रक्तदानले रगतमा आइरनको मात्रा घटाएर मुटु रोग र केही प्रकारको

क्यान्सरको जोखिमलाई कम गर्न मदत गर्छ । यसबाहेक, रगतदान गर्नु स्वास्थ्य जाँचको रुपमा काम गर्न सक्छ, किनकि दाताहरुले दान गर्नु अघि उनीहरुको स्वास्थ्य राम्रो छ भनी सुनिश्चित गर्न नि:शुल्क चिकित्सा जाँच पाउछन् । यसले सम्भावित स्वास्थ्य समस्याहरुको प्रार म्भिक पहिचान प्रदान गर्न सक्छ र दाताहरुलाई उनीहरुको कल्याण कायम राख्न सक्रिय कदमहरु चाल्न प्रोत्साहित गर्दछ । समग्रमा, रक्तदानका फाइदाहरु दूरगामी छन्, जसले रगत चढाउन आवश्यक भएकाहरुमा ठोस प्रभाव र दाताहरुको स्वास्थ्यमा सकारात्मक प्रभावहरु समावेश गर्दछ । रक्तदान गरेर, व्यक्तिहरुले आफ्नो कल्याणको प्रवर्द्धनगर्दै महत्वपूर्ण सामाजिकआवश्यकता पूरा गर्न सक्छन् ।

२.१. जीवनबचाउने :

संसारभरि जीवनबचाउन रक्तदान महत्वपूर्ण छ । जब व्यक्तिहरुले रगतदान गर्छन्, यो शल्यक्रिया, आघात पीडित, क्यान्सर रोगीहरु, र दीर्घकालीन रोग भएका व्यक्तिहरुलाई मद्दत गर्न प्रयोग गर्न सकिन्छ । आपतकालीन अवस्था वा प्राकृत्तिक प्रकोपमा, दान गरिएको रगतको उपलब्धताले आवश्यक परेकाहरुको लागि जीवन र मृत्युको बीचमा भिन्नता ल्याउन सक्छ । रक्तदान गर्ने कार्यले प्रत्यक्षरुपमा अरुको कल्याण र बाँचनको लागि योगदान पुरुयाउँछ, यसलाई अविश्वसनीय रुपमा शक्तिशाली र नि:स्वार्थ कार्य बनाउँछ । रगतदान गरेर, व्यक्तिहरुले अरुको जीवनमाप्रत्यक्ष र ठोस प्रभावपार्ने मौका पाउँछन्, सम्भावितरुपमाप्रत्येक दानले धेरै जीवन बचाउँछन् । यसबाहेक, चिकित्सा उपचारको लागिपर्याप्त रक्तआपूर्ति कायम राख्न रक्तदान आवश्यक छ । दानगरिएको रगत अंगप्रत्यारोपण, बच्चा जन्माउने जटिलताहरु र एनीमिया र हेमोफिलिया जस्ता अवस्थाहरुको लागि दीर्घकालीन उपचार सहित विभिन्न चिकित्सा प्रक्रियाहरुको लागि प्रयोग गरिन्छ । दानगरिएको रगतको स्थिर आपूर्ति विना, स्वास्थ्य सेवा प्रदायकहरुले अनगिन्ती जीवनलाई जोखिममा राखेर रगत चडाउन आवश्यक पर्ने बिरामीहरुको आवश्यकताहरु पूरा गर्न संघर्ष गर्नेछन् । तसर्थ, जीवनबचाउन रक्तदानको महत्वलाई अतिरंजित गर्न सकिँदैन, किनकि यसले जीवन बचाउने चिकित्सा हेरचाहको आवश्यकता भएका व्यत्तिहरुलाई महत्वपूर्ण सहयोग प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्छ । अन्तमा, रगतदान गर्ने कार्य समाजको भलाइको लागिअपरिहार्य योगदान हो, किनकि यसले आवश्यक परेकाहरुको जीवन बचाउने र सुधार गर्ने क्षमतामा प्रत्यक्ष प्रभाव पार्छ ।

२.२. दाताहरुको लागिचिकित्सालाभहरु :

जीवनबचाउने महत्वपूर्ण प्रभावको अतिरिक्त, रक्तदानले दाताहरुको लागि चिकित्सा लाभहरु पनि प्रदान गर्दछ । जब तपाई रगतदान गर्नुहुन्छ, तपाईले तपाइँको रक्तचाप, हेमोग्लोबिन स्तर, र समग्र स्वास्थ्य मूल्याङ्कन सहितको सानो-शारीरिक चेक-अपबाट गुज्रनुहुन्छ । यो स्वास्थ्य परीक्षणले कहिलेकाहीं अन्तर्निहित स्वास्थ्य समस्याहरु पहिचान गर्न मद्दत गर्न सक्छ जुन तपाईंलाई थाहा नहुन सक्छ । रगतदान गरेर, तपाईंले नयाँ रक्तकोशिकाहरुको उत्पादनलाई पनि उत्तेजित गर्नुहुन्छ, जसले क्यान्सर, कलेजो र फोक्सोका रोगहरु, र हृदय रोगहरु जस्ता केही रोगहरुको जोखिम कम गर्न मद्दत गर्न सक्छ । यसबाहेक, नियमित रक्तदान हृदय रोगको कम जोखिम सँग सम्बन्धित छ । जब तपाई रगतदान गर्नुहुन्छ, यसले शरीरमा फलामको स्तर कम गर्न मद्दत गर्दछ, जसले हृदयघात र स्ट्रोकको जोखिम कम गर्न सक्छ । थपरुपमा, रक्तदानले तपाईको मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ । यसले तपाईलाई पूर्ति, उद्देश्य, र ठूलो योगदान गर्ने भावना दिन्छ । समग्रमा, रक्तदानको चिकित्सा लाभहरु अरुलाई मद्दत गर्ने कार्य भन्दा बाहिर फैलिएको छ र दाताहरुको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ ।

३. पर्याप्त रगत आपूर्ति सुनिश्चित गर्दै पर्याप्त रक्त : र

रक्त आपूर्ति सुनिश्चित गर्नु विश्वभरका स्वास्थ्य सेवा प्रणालीहरुको कार्यकालागि महत्वपूर्ण छ । पर्याप्त रगत भण्डार कायम राख्न विभिन्न चुनौतीहरु छन्, जसमा चिकित्मा प्रक्रियाहरु, दुर्घटनाहरु र रोगहरुका कारण र गत चढाउनको लागि निरन्तर आवश्यकता पर्दछ । थप रुपमा, त्यहाँ मौसमी उतार-चढाव र अप्रत्याशित घटनाहरु छन् जसले रक्त आपूर्तिलाई असर गर्न सक्छ, यी चुनौतीहरुलाई सम्बोधन गर्न ठाउँमा बलियो र दिगो प्रणाली हुनु आवश्यक बनाउँछ । यी चुनौतीहरुलाई सम्बोधन गर्ने, रक्तदान केन्द्रहरुले व्यक्तिहरुलाई नियमितरुपमा रक्तदान गर्न प्रोत्साहित गर्न अथक प्रयास गर्छन् । रक्तदानको महत्वबारे जनचेतना जगाउन र आमभ्रम हटाउन शैक्षिक अभियान र आउटरिच कार्यक्रमहरु सञ्चालन गरिन्छ । यसबाहेक, प्रविधि र र सदमा भएको प्रगतिले रगतलाई प्रभावकारी रुपमा सङ्कलन, परीक्षण र यसलाई सबैभन्दा बढी आवश्यक पर्ने ठाउँमा वितरण गर्ने कुरा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ । ब्लड बैंक, अस्पताल र सरकारी निकायहरु बीचको सहकार्य रगत भण्डारलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न र बाँडफाँड गर्न पनि महत्वपूर्ण छ । अन्तमा, पर्याप्त रक्त आपूर्ति कायम राख्नको लागि सक्रिय समुदायको सहभागिता, प्राविधिक विकास र र णनीतिक साझेदारी समावेश गर्ने बहु आयामिक दृष्टिकोण चाहिन्छ । चुनौतीहरुलाई सम्बोधन गरेर र प्रभावकारी समाधानहरु लागू गरेर, हामी जीवन बचाउन स्वास्थ्य सेवा पहलहरुलाई समर्थन गर्न रगतको निरन्तर र भरपर्दो आपूर्ति सुनिश्चित गर्न सक्छौं ।

३.१. पर्याप्त रक्त भण्डार कायम राख्नमा चुनौतीहरु :

पर्याप्त रगत भण्डार कायम राख्नुले धेरै चुनौतीहरु प्रस्तुत गर्दछ जसले आवश्यक परेकाहरुलाई रगतको उपलब्धतालाई असर गर्छ । एउटा महत्वपूर्ण चुनौती भनेको विभिन्न चिकित्सा प्रक्रियाहरु र आपत्कालीन अवस्थाहरुमा रगतको निरन्तर माग हो, जसले प्राय:आपूर्तिभन्दा अगाडि बढ्छ । थप रुपमा, प्राकृतिक प्रकोप, दुर्घटनाहरु, COVID–19 र Dengue महामारी जस्ता कारकहरुले रगत भण्डारलाई तनाब दिन सक्छ, विरामीहरुको आवश्यकताहरु पूरा गर्न थप कठिनाइहरु सिर्जना गर्न सक्छ । पर्याप्त रक्त भण्डार कायम राख्न अर्को चुनौती रगत उत्पादनहरुको सीमित स्रोत जीवनसँग सम्बन्धित छ । रातो रक्तकोशिकाहरु, उदाहरणका लागि, तिनीहरुको म्याद समाप्तहुनु अघि मात्र सीमित समयको लागि भण्डारण गर्न सकिन्छ, जसले प्रभावकारी रुपमा रगत भण्डारहरु व्यवस्थापन गर्न जटिलता थप्छ । यसबाहेक, रक्तदाताहरु भर्ती र कायम राख्नु पनि चुनौती हुन सक्छ, किनकि यसले निरन्तर आपूर्ति सुनिश्चित गर्न निरन्तर शिक्षा र पहुँच प्रयामहरु आवश्यक पर्दछ । यी सबै चुनौतिहरुको लागि रक्तदान कार्यक्रम र पहलहरुको लागि निरन्तर सहयोगको महत्वलाई जोड दिँदै पर्याप्त रगत भण्डार कायम राख्ने मुद्दालाई सम्बोधन गर्न रगत बैंक, स्वास्थ्य सेवाप्रदायकहरु र जनताको समन्वयात्मक प्रयास आवश्यक छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय
शुभ-कामना

व्यक्त गर्दछौं ।
पूर्णहरि साहु श्रेष्ठ
प्रोप्राइटर
सनराईज प्रिन्टिङ्ग प्वाईन्ट
मध्यपुर थिमि-५, दिगुटोल
फोन नं. :०१-५६३९३२८, ९८४१२४८४१६
यहाँ शुभ-विवाह, ब्रतवन्ध तथा शुभ कार्यको कार्ड प्रिन्ट गरिन्छ साथै स्टेशनरी सामानहरु पनि पाइन्छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

सरोज कुमार श्रेष्ठ
अध्यक्ष

बप्पा (विश्वेश्वर) महादेव संरक्षण तथा व्यवस्थापन सेवा समाज

मध्यपुर थिमि-४, बप्पा
फोन नं. : ९८६१७२३७८३

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण व्यवसायी एवं
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

कविदास धौबजि श्रेष्ठ
अध्यक्ष

भक्तपुर चेम्बर अफ कमर्श

भक्तपुर
फोन नं. : ९८५१०३५८७०

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

रामसुन्दर लाखे श्रेष्ठ
प्रोप्राइटर

आ.पि. फर्निचर

मध्यपुर थिमि-३, खयगु, सुन्दर नगर
फोन नं. : ९८०८६९७४४२

"सम्पूर्ण सामान एकै ठाउँमा"

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्रहकवर्ग
एवम् शुभेच्छुक महानुभावहरूमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

TV POINT Electronics

Shankhadar Chowk, Thimi, Bhaktapur
Phone No.: 9861604760

सकारात्मक सोच जीवन जिउने कला

भुवनचरण श्रेष्ठ

सकारात्मक दृष्टिको लागि हामीमा दृष्टि, बृति, कृति आदि कुरालाई शुद्ध संकल्पबाट हेर्नु पर्दछ । मानिस ठूलो दिलले हुन्छ जातले हुन्दैन् । सफल मानिसले उसभित्र रहेको सुन्दर कलाले प्रस्तुत गर्ने कार्यमा भर पर्दछ । मानिस जन्मने बित्तिकै उस्ले कलासँगै ल्याएको हुन्छ । जन्मने बित्तिकै रुने, हात खुट्टा चलाउने हुन्छ, कला त्यहिंबाट सुरुवात हुन्छ । पछि आमा, बुवा, साथिसंगी, समाजबाट त्यसलाई सुधारात्मक पक्षबाट राम्रो गर्दै जान्छ र जानु पर्दछ । कला र गला नभएको मानिस हुनै सक्दैन् । त्यसैकारण सकारात्मक सोचको लागि हामीले दिलैबाट आत्म जागरण ल्याउनु पर्दछ । सकारात्मक चिन्तनको लागि तीन चिजलाई हृदयङ्गम गर्नु पर्दछ । प्रथम दिमागलाई चिसो बनाउने, मुखमा मिठास भर्ने र हृदङ्गम प्रेमको भाबले ओटपोट गर्ने । State of Mind दिमागलाई एक रस, शान्त, सित्तल बनाउने, अनि कार्य गर्दा प्रभावकारि र सफल हुन्छ । आपसि सम्बन्ध सुर्धानु पर्दछ । जिब्रोमा हड्डीत हुन्दैन तर यसले हजारौं हड्डि भाँचिन्छ । There is no bone on the Tongue But it can break thousand of bones । गोली, बोली, प्राण निस्केपछि फर्केर आउदैन् । त्यसैकारण संभालेर बोल्नु पर्दछ । हृदयमा प्यार, प्रेम हुनु पर्दछ । Love is the root of happness सुखि जीवन बिताउनको लागि प्रेम, प्यारको निमित्त आवश्यक पर्दछ । हामीमा प्रेम गर्ने कुरामा दुबिधाजनक नभएर शुद्धभावले हुनु पर्दछ । मानव खानाको भोका हुँदैन, तर प्रेम प्यारका भोका हुन्छन् । प्रेमपूर्वक भावनामा कुनै सत्रु हुन सक्दैन । Heart Attack एकैचोटि हुँदैन, धेरै पटक Thought Attack भएपछि मात्रै Heart Attack हुन्छ । त्यसकारण फूलको आँखामा फूलै संसार काँडाको आँखामा काँडै संसार, सकारात्मक सोचको लागि आत्म जागरण हुनु पर्दछ । आफूभित्र रहेको खुबि कमजोरी मूल्य मान्यता बिचाार ईच्छा आकांक्षाहरु हुन् । यि सबै आफूलाई बुझ्नु भनेको यसका लागि आफ्नो बारे स्वरुप, सत्यकुरा, आफ्नो कमिकमजोरी साथै आफूभित्रको गुण प्रफूलित गर्न सक्नु हो । आत्म जागरणबाट नै जीवन जिउने कला सिक्नु हो ।

भनिन्छ, Change your attitude; The world change it self । बिचार विमर्शका कुराहरु आफूभित्र बाट नै परिवर्तन हुनु पर्दछ । देखेको कुराभन्दा भित्री आँखाले देखेको बढी सत्य हुन्छ । त्यसैले सकारात्मक सोचको लागि तीन चिजको आवश्यकता पर्दछ ।

१. Positive Approach सकारात्मक दृष्टिकोण
२. Good relationship आपसि सम्बन्धमा सुधार
३. Stress free lift तनाबमुक्त जीवन

१. सकारात्मक दृष्टिकोण Positive Approcah :

दृष्टिकोण के हो भन्दा ब्यक्तिको व्यक्तिगत मान्यता नै दृष्टिकोण हो । दृष्टिकोण परिवर्तन गर्न सकेमात्र जीवन परिवर्तन गर्न सकिन्छ । Change is vision, Change in Life आखिर त्यहि गिलासको पानी हो । आधा भरिएको छ, तर भन्ने बेला शब्दमा फरक हुन्छ । आधा गिलास पानी छ । आधा खाली छ, आधा भरिएको छ, सकारात्मक सोच, आधा खालि छ । ठीक उल्टो भयो नकारात्मक । त्यसकारण दृष्टिमा भरपर्दछ । त्यहि चिज त्यहि मनुष्य त्यही पदार्थ हुन् । दुई पक्षबाट हेर्दा फरक फरक देखिन्छ । अर्को सहि

कुराको खोजी गर्दा गलत स्थानमा पुग्दछ, गलत चिज भेटिन्छ । कहिलेकाँही हामी सहि कुरा खोज्दै जाँदा अर्को स्थानमा पुग्दछौं । अर्थात् पाउदछौं । देबगणले समुन्द्र मन्थन गरेर अमृत निकाल्न खोजेको थियो तर त्यसभित्र बिष पनि निस्केछ । त्यसैलाई महादेबले ग्रहण गरेर जगतको कल्याण गर्ने कार्य गरेका थिए । ठिक त्यस्तै हामीले पनि राम्रै काममा हात राख्न पुगेका हौं, हात पर्दा पीडा अथवा कष्टको अनुभव हुन्छ । सवै दृष्टिकोणले गर्दा नै यस्तो भएको हो । सोचेको एउटा कार्यमा अर्कै हुंद । ती विद्यार्थीले हिसाव गर्दा २x२.४ पढेर जान्छ, तर लेख्ने बेला ५ अथवा ३ हुन जान्छ । कारण दृष्टिकोण हो । संसारमा आफूलाई नखोजौं तर आफूभित्र संसार खोजौं । आफैभित्र सबै कुरा भेटिन्छ । आफू भलोत जगत भलो भनेझैं एउटा चित्र कोरको थियो चित्रकारले जुन सुल्टोबाट हेर्दा हाँसेको थियो तर त्यहि चित्र उल्टोबाट हेर्दा न्याउरो अनुहार भएको देखिन्थ्यो । चित्र एउटै थियो तर हेराईमा फरक देखिन्थ्यों । जस्तै तलको

चित्रमा

हेराईमा- Your what your attuitude is... तिमी के हो ? तिम्रो मनोबृद्धि... You are outside as you see in inside... तिमी बाहिरबाट जस्तो छौं त्यस्तै भित्र देख्न सक्छौं...

जहिले पनि जहाँपनि हेराई राम्रो सहि तरिका भएको छ भन्ने सम्पूर्ण कुराहरु राम्रै देखिन्छ । सकारात्मक, अर्को राम्रो उदारण दिऊं । हामी कक्षामा गणित सिकाउदछौं । गणीतको मान्यता थियो घन चिन्हले घन चिन्हलाई गण गर्दा घन चिन्हनै हुन्छ । तर ऋण चिन्हले घन चिन्हलाई अथवा घन चिन्हले ऋण चिन्हलाई गणन गर्दा ऋण चिन्हनै हुन्छ, तर अन्तमा ऋण चिन्हले ऋण चिन्हलार्य गणन गर्दा घन चिन्ह हुन्छ । अथवा सकारात्मक हुन्छ । हामीले पनि नकारात्मक ऋण चिन्ह भयो भने चिन्ता लिनु हुँदैन तर त्यहि पछि गएर त्यसबाट पाएको नतिजा सकारात्मक पनि हुन सक्छ । उदारण,

सकारात्मक असल +	नकारात्मक खराम -	नतिजा नकारात्मक - नकारात्मक
छैन -	छ +	- नकारात्मक
असल छ +	खराम छैन +	+ सकारात्न्मक
असल छैन -	खराब छैन -	+ सकारात्मक

राम असल लड्का छ । सकारात्मक

राम असल लड्का छैन । नकरात्मक

राम खराब लड्का छ । नकारात्मक

राम खराब लड्का छैन् । सकारात्मक

यि उदाहरणले सोचाई अथवा दृष्टिकोण हो । Face is the index of heart चेहरानै मनको शब्द कोष हो । सकारात्मक दृष्टिकोण बनाउनको लागि निम्न तरिका अपनाऔं ।

१. घाटाभित्र नाफा खोजौं :

यो कसरि हुन्छ, एउटा उदाहरणको लागि एकजना

मानिसलाई अमेरिका जाने डि.भि. परेछ । सम्पूर्ण भिसा, हवाईटिकट, जाने समय आदि तय भयो । दुई दिन मात्र बाँकी थियो । कारणवस त्यसदिन माथिल्लो भऱ्याङ्गबाट तल झर्दा दुर्घटना भई खुट्टा भाँचेछ । र अमेरिका जान पाएन । उसलाई घाटा भएछ । तर दुई दिन पछि त्यो उडेको जहाज केहि छिन पछि दुर्घटना भई हवाईजहाज भित्रको सबैजना जलेर खरानी भएछ । उसलाई नाफा भयो । कारण उ पनि खुट्टा नभाँचिएको भए खरानी हुने थियो । यो सकारात्मक सोचको उदारहरण हो ।

२. सुरुमा नै फाईदा देख्न सक्छौं :

कुनैपनि कुरा असम्भब भन्ने हुँदैन । सम्भब नै हुन्छ । उदाहरण असम्भबमा अ निकालौ के हुन्छ । सम्भब हुन्छ । अ को पूरा अर्थ प्राय/अनिवार्य त्यसकारण असम्भवको अर्थ हुन जान्छ । प्राय: सम्भव अनिवार्य सम्भव । सकारात्मक सोचको कुरा हो मनुष्य कहिले पनि निरावादी हुनु हुँदैन, आशावादी नै हुने गर्नु पर्दछ । हुन्छ पनि ।

३. समस्यामुखी नबनौ समाधानमुखी बनौ :

मर्द भएपछि दर्द सहनु पर्दछ । सहेपछि त्यसको फल राम्रै आउँछ । समस्या कि घोडालाई कि छोरालाई भन्ने उखानै छ । समस्याबाट नै मानिसमा चेतना जागृत हुन्छ । यसैबाट श्रृजनात्मक एवं समालोचनात्मक रुपले कार्य गर्ने गराउने सोच उपन्न हुन्छ । क्षमताको पनि विकास हुन आवश्यक छ । क्षमता आफैबाट पनि विकास हुन्छ । अरुबाट प्रेरित भए, सिकेर ज्ञान हासिल गर्न सकिन्छ । त्यहि ज्ञान सिपले त्यो समस्या पहाड होईन, तिल भएर समाधान हुन जान्छ ।

४. उचित विचारलाई सम्मान दिऊँ :

मानिस एक स्वार्थी प्राणी हुन् । जो आफू आफ्नो समाजमात्र भलो भएको चाहन्छ । अरुको होइन । जसरि भएपनि आफू अगाडी बढ्ने अरुलाई हटाएर दवाएर तर होईन सम्मान दिऊं र सम्मान लिऊं भन्ने भावनात्मक विकास हुनु जरुरी छ । तपाईंले अरुलाई प्रोत्साहित गरेमा तपाईंको पनि भावनात्मक विकास हुनछ । त्यसकारण उचित समयमा शत्रुलाई पनि काँधमा राखेर सुम्सुम्याउनु पर्दछ । राम्रो विचारलाई सम्मान दिने वानी बसाल्नु पर्दछ ।

५. आफ्नो काममा आफै रमाऔं :

अरुले देखेको गरेको काममा कहिले पनि ईर्ष्या द्वेष नराखि आफूले गरेको कार्यमा आफै प्रफुलिट हुने वानी बसाल्नु पर्दछ । धन्यवाद छ जुन मैले राम्रो काम गरें भनेर छातीमा तीन पटक धाप दिनु पर्दछ । नतिजा आफै थाहा हुनेछ । काम गर्दा मनोरंजनात्मक ढंगले मन प्रफूलित भई अथवा निर्धक भई काम गर्नु पर्दछ । त्यसमा आफू रमाउने गर्नु पर्दछ ।

६. आफ्नो सहभभागितालाई स्वीकारौं :

को भन्दा को कम भन्ने भावनात्मक विचार छोडी हामी सवै एक हौ । मैले पनि सहयोगको भावनालाई अगाडि सारी सहभागी भई कार्य गर्नु पर्दछ । व्यक्तिवादीलाई छोडी संगठनात्मक रुपको बिचारलाई अंगाल्नु पर्दछ । आफ्नो पनि सहभागिता हुने कुरा हरेक कार्यमा हुनु पर्दछ भन्ने भावनात्मक विचारलाई अगाडी बढाउनु पर्दछ ।

सकारात्मक दृष्टिकोण हुनको लागि केही आधारहरु चाहिन्छ । व्यक्ति कहिलेपनि निरासावादी हुनु हुँदैन । जहिले पनि आसावादी हुनु पर्दछ व। एक बृद्ध व्यक्ति अन्तिम अवस्थामा पनि आसावादी हुन्छ । उ सँग सोध्यो मेरो यो इच्छा छ पूरा गर्न पाए हुन्थ्यो । भन्ने कुरा अन्तिम साससम्म पनि रहेको हुन्छ । त्यसको मतलब आसावादी हो । अर्को आफैले आफूलाई सम्मानित हुने कुराको आत्मजागरण हुनु पर्दछ । आत्म जागरणको विकास आफूभित्रको शिप उजागरण गर्ने एउटा जग हो । यसको लागि भावनात्मक परिवर्तनहरुको सम्मान गर्न आफू भित्रको भावनात्मक प्रतिकृयाहरुको जागरुक हुनु नितान्त आवश्यक छ । हाम्रो व्यवहारमा अरुबाट हुने परिवर्तन र आफैबाट हुने परिवर्तन कतिको प्रभाव पर्दछ । ति कुरालाई

बुझेर कुने कुराको अप्रिय घटनाहरुको कारण हुन नदिन कार्य गर्नु पर्दछ यसले जीवनमा कस्तो प्रभाव पार्दछ । भन्ने कुरामा जागरुकता देखाउने कार्य गर्नु पर्दछ । जसको कारणवाट तनावले जीवनमा पार्ने प्रभाव मानसिक शारीरिक रुपमा स्वास्थ्यमा प्रभाव पार्दछ । कुन कुन कुरा हानिकारक प्रभाव हो भन्ने कुरा बारे ज्ञान हुनु पर्दछ । तनाब उत्पन्न हुने कार्य नगर्न र तनाब कहाँ कसरि आउँछ भन्ने कुरा पत्ता लगाउने कार्य गर्नु पर्दछ । तनाब माथि नियनत्रण गर्न सक्नु नै सकारात्मक सोचको विकास गर्नु हो ।

२. आपसी सम्बन्धमा सुधार, Good relationship :

क. हंसिलो मुहारमा बिनम्र बोली हुनु पर्दछ ।

ख. सद ब्यबहार सबैसँग गर्नु पर्छ ।

ग. नमस्कार, धन्यवाद, क्षमा गर्नुस् भन्ने शव्द प्रयोग गर्नुपर्छ ।

घ. अरुको आदर र सम्मान गर्दै विशेषताको वर्णन गर्नु पर्छ ।

ङ. मित्र व्यवहार गरी समयानुकूल समय बिताउनु पर्छ ।

च. आफ्नो कुरामात्र होईन, अरुको कुरा पनि सुनिदिनु पर्छ ।

यि माथिका ६ व्यवहारवाट एक आपसको सम्बन्धमा सुधार भईरहको खण्डमा सकारात्मक पक्षबाट जीवन जिउने कला सिक्दछ । भगवान्ले मानवको सृष्टि गर्दा दुई कान एक मुख राखेर पठाएका छन् । यसको मतलव दुई कुरा सुन्ने एक कुरा बोल्ने, सुन्ने बढी बोल्ने कम भएमा सकारात्मक पक्ष बलियो हुन्छ । कार्य क्षेत्रमाम पनि हामीले केही कुराको विकास गर्न सकेको खण्डमा अझ वढी सम्बन्धमा सुधार हुनेछ । जस्तै कुरा गर्दा आफ्नो मात्र कुरा राख्ने अरुले भनेको कतिको रुचि राखेको छ । त्यसमा ख्याल गर्नु पर्दछ । आफ्नो मात्र राख्ने अरुको सुनेको छैन भन्ने त्यसको अर्थ हुँदैन । त्यसकारण अरुको इच्छा रुची समयलाई पनि ध्यानमा राखि अगाडी बढ्ने कार्य गर्नु पर्दछ । आफू अगाडी वढ्न ईच्छा भए । अरु व्यक्तिहरु लाई पनि महत्वपूर्ण अनुभूति दिनु पर्दछ । ति अरुले गरेका अनुभूतिबाट नै आफ्नो र समाजको उत्थान हुने कुरामा दुई मत नहोला । अरुको अगाडी प्रस्तुत हुंदा आफ्नो व्यक्तित्व कतिको प्रभावकारी छ । एकपटक पहिला फर्केर हेर्ने वानीको विकास हुनु पर्दछ । प्रभावकारि व्यक्तित्व भएन भन्ने जतिसुकै ज्ञानमूलक सिपमूलक भएता पनि अगाडी बढ्न सकिन्दैन । व्यक्तिको व्यक्तित्ववाट नै उसको समाज प्रतिको अवधारणालाई अगाडि ल्याउनको लागि प्रभावकारी बन्न पुग्दछ । साथै आफ्नो कुरामात्र राख्ने गर्नु भन्दा अरुले गरिएको कुराको ध्यानमा राखी त्यसलाई कार्यान्वयन गर्ने तर्फ पनि बानीको विकास गर्नु पर्दछ । त्यसपछि मात्र आपसि सम्बन्धमा सुधार भई जीवन जिउने कला आधारहरु बन्न सक्दछ ।

३. तनावमुक्त जीवन Stress free life :

व्यक्तिको दैनिक घटनासँग भौतिक मानसिक र भावनात्मक प्रकृयालाई नै तनाव भनिन्छ । यसले भौतिक वा मानसिक शक्तिको ऱ्हास हुने कार्य पनि गर्दछ । तनाब एक प्रकारको दवाव पनि हो । मानवताको अस्वभाविक प्रकृया वा अवस्था पनि हो । तनाव भनेको भावनात्मक रुपमा शरिरको चिरफार गर्ने प्रकृया पनि हो । यसले शारीरिक मानसिक रुपमा नोक्सान पनि गर्दछ । जुन एक प्रकारको भाईरस भनेपनि हुन्छ । यो महामारीको रुपमा फैलिई सकेका छ । यस्ले समाजमा नकारात्मक असर पार्दछ । हाल यसले हाम्रै शरिरको सकारात्मक पक्षलाई मूल्याङ्कन गर्न मद्दत पनि गर्दछ । तनावको वृक्ष एक अकल्योपी छ । यसमा विभिन्न फल लाग्ने गर्दछ । जुन फल काँचो, पाकेको, पाकेर झरेको हुन्छ । त्यहि अनुसार व्यक्ति विशेषले आ-आफ्नो रोजाई, भोगाई ब्यक्ति अनुसार फरक फरक हुन्छ ।

तनाब समस्यामात्र होईन, समाधान पनि हो ।

Stress is not problem But it self as solution too.

समस्या Problem :

१. S=Sock in mind यस्ले दिमागमा धक्का उत्पन्न गर्दछ ।

२. T=Temper high यसले रिस धेरै उठने गर्दछ ।
३. R=Restless आराम विहिन हुन्छ ।
४. E=Emotion high उच्च भावना हुन्छ .
५ S=Senseless चेतना हराउने हुन्छ ।

समाधान Solution :

१. Self relationship आफैले मनन् गर्ने गर्नु पर्दछ ।
२. Thought posilive सकारात्मक विचार गर्नु पर्दछ ।
३. Relation आराम लिने गर्नुपर्दछ ।
४. Energy storage शक्ति संचय गर्नु पर्दछ ।
५. Self respect आफैले आफूलाई आदर गर्ने गर्नु पर्दछ
६. Start the progress उन्नतितर्फ उन्मुख हुनु पर्दछ ।

तनावमुक्त जीवन हुन केही कुरा मनन् गर्ने गर्नुपर्दछ । ति निम्नअनुसारका छन् ।

क. समस्यालाई एक आपसमा साता सात गर्नु पर्दछ ।
ख. थोरै सोच्ने, धेरै काम गर्ने, व्यस्त बन्ने गर्नु पर्दछ ।
ग. आफ्ना मनलाई पूरै शान्त अवस्थामा राख्नु पर्दछ ।
घ. आफ्ना कार्यमा आफै रमाउने प्रयास गर्नु पर्दछ ।
ङ. कार्य क्षेत्रमा आफू संम्वेदनशिल बन्नु पर्दछ ।
च. हरेक क्षेत्रमा आफू सन्तुष्टिको सास फेर्नु पर्दछ र सन्तुष्ट लिनुपर्दछ ।

जब हरेक कार्य गर्दा समय बित्दै जान्छ, तब जीवनको पल पनि बित्दै जान्छ । त्यसकारण जीवन नै समय हो । समयको व्यवस्था गर्न सक्नु पर्दछ । समयले कसैलार्य पनि पर्खे बस्न सक्दैन ।

त्यसैकारण तनाबाट बच्न हामी धेरै प्रयास गर्दछौं । तर पनि गर्न सक्दैनौ । तनाबाट बच्नको लागि के गर्ने के नगर्ने भन्ने बुँदाहरु निम्नानुसारका छन् ।

गर्न हुने :

१. अरुको प्रशंसा गरौं अनि निर्देशन गरौं ।
२. स्पष्ट वार्तालाप गरौं ।
३. अरुको कुरा सुनौं ।
४. फूर्सदको समयमा आफ्ना रुचिलाई समय दिऊं
५. साथीहरुलाई साथमा लिई सेवा गरौ
६. समयानुसार आफू बस्ने स्थानको रुपरेखा परिर्वतन गरौं ।

गर्न नहुने :

१. तुलना र आलोचना नगरौं ।
२. अहंकार नगरौ । हिन भावना त्यागों ।
३. घरमा अत्यावश्यक सामानको कमि हुन नदिऊं
४. अनावश्यक ईच्छा नगरौं ।
५. भूत र भविष्यको चिन्ता नगरौं । वर्तमानमा रमाऔं ।
६. यथास्थितिमा विश्वास नगरौं ।

त्यसैले भनिन्छ ठक्कर खाने ठाकुर बन्दछ ।

Busy life, easy life

t gfa Jbj :yfkg ug[t l/ sfx? M

१. आफ्नो शक्ति आफै बढाउने :
जुन कार्य गर्दाखेरी आफूभित्र नै खुसिको अनुभव हुन्छ । आफूलाई मन पर्दछ । त्यहि कार्य गर्नु पर्दछ । पानी खाने गरौ, अरु चित्र होइन । पूरा आराम गरौ । सुत्ने काम गरौं । आफूलाई मन नलाग्ने गरी कहिं कतै जाने नगरौं । र कामपनि नगरौं । आफ्ना मनमा लागेका कुराहरु अरुलाई सुनाउने गरौं ।

२. उत्तेजनालाई नियन्त्रणमा राख्ने गर्नुहोस् :
सहानुभूति लिने, सहयोग लिने, र दिने कार्य गर्ने गर्नुस् । यतार्थ योजनाहरु आफैले बनाउने व्यक्तिगत सम्बन्ध सामान्य र सुमधुर बनाउने । रुने, हाँस्ने गर्ने, दु:खको परिस्थितिको लागि पहिला नै तयार हुने । ति कुरा गरौं, सम्झौं, जस्ले आफैले आफैलाई हँसाउने कार्य गर्दछ । चित्रहरु कोरौं । गीतहरु गुनगुनाउने कार्य गरौं । संगीत तर्फ ध्यान दिऊँ आदि गरेमा उत्तेजनालाई नियन्त्रणमा राख्न सकिन्छ ।

३. आफ्ना सुरक्षा आफै गर्ने :
जिम्मेवारी संभाल्न सक्ने गरी मात्र कार्य लिऊं । जिम्मेवारी लिने तर्फ नलागौं । अरु साथीहरुलाई आफ्ना मनमा लागेका कुराहरु भन्ने गर्नु पर्दछ । इच्छा अनुसारको काम सिक्ने मनोरंजनात्मक कार्य गर्ने । आफू ईच्छुक, दक्ष जुनमा छ, त्यही गर्ने गरौं ।

४. मानसिक सन्तुलन :
आफू समाजमा मिलनसार हुने प्रयत्न गर्ने । समाजमा

आफ्ना भावनात्मक विकास भएको छ भन्ने आफै प्रसंसनीय हुने । एउटै उमेरका, एउटै विचारका, एउटै समाजका व्यक्ति, साथीहरुको सहयोग लिने र दिने गर्ने हुनु पर्दछ । कसैले कसैलार्य सहयोग गर्नु भन्दा पहिला, आफैले आफैलाई सहयोग गर्ने वानी बसाल्नु पर्दछ । हरेक कार्यमा विश्वासको पात्र बन्ने । आफू भन्दा ठूलाको विश्वास लिने र दिने कार्यमा कोशिस गर्नु पर्दछ । मध्यपान, धुम्रपान लागू पदार्थलाई न्यूनिकरण गर्दै जाने । अन्तमा सकिन्छ भने छोड्ने प्रयत्न गर्नु पर्दछ ।

यस्तै प्रकारले सकारात्मक सोचले मानविय सेवा कार्य गर्नको लागि हौसला हुनु पर्दछ । रेडक्रसको सात सिद्धान्तको पहिलो खुड्किलोलाई अँगारेर अथवा मानवता भन्ने शव्दलाई उजागरण गर्न सकिन्छ ।

भावनात्मक विकास भई व्यक्ति समाज र देश वनाउन अगाडी बढन अभिप्रेरित गर्न सकिन्छ । मानव जीवनमा स्वास्थ्यको सुरक्षा गर्नु सम्पूर्ण मानवका बिच पारसपारिक सहयोग, समझदारी, मित्रता, स्थिर शक्तिको अभिवृद्धि गर्नको लागि सकारात्मक सोचको आवश्यक पर्दछ । जुन मानव पीडालाई न्यूनिकरण गर्दै विपत्तिमा परेका मानवलाई सहयोग गरौं भन्ने भावनात्मक विकास हुन्छ । मानव विकासको गतीमा लम्कन सदाको लागि सोचमा सकारात्मक हुँदै जानु पर्दछ । समाजमा रहेक प्रभावकारी व्यक्तिहरु हुन सक्दछ । तिनीहरुको बिचार लाई कडर गर्दै जान सक्नु पर्दछ । जस्ले गर्दा आफूपनि हरेक कार्य क्षेत्रमा सफल हुन मद्दत पुग्दछ र समाजमा व्यक्तित्वको विकासको साथै व्यक्तिको पनि विकास हुने कुरामा दुई मत नहोला । धन्यवाद ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग
एवम् शुभेच्छुक महानुभावहरूमा हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

Roshan Bajracharya
9841285472
UNIK FLEX PRINT
Madhyapur Thimi-4, Shankhadhar Chowk, Bhaktapur
Phone No.: 01-5093448
फ्लेक्स सम्बन्धी सम्पूर्ण कार्य गरिन्छ । साथै विवाह, ब्रतवन्ध तथा विभिन्न शुभकार्यको फ्लेक्स एवं कार्डको लागि अर्डर लिइन्छ ।

"ग्राहकको सन्तुष्टी नै हाम्रो लक्ष्य हो ।"
विगत ३ दशर्कदेखि निरन्तर तपाईहरुको सेवामा समर्पित
नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा
सम्पूर्ण ग्राहकवर्गमा हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।

प्रो. अनिस श्रेष्ठ
मो: ९८४९२८०४४४
प्रगति टेलर्स

(जेन्टस् सर्टिङ सुटिङ सेन्टर)
सूर्यविनायक नपा.-४ (दक्षिणबाराही मार्ग) नयाँ वस्ती, भक्तपुर, फोन: ०१-६६३२०४६

बेथितिले सिर्जना गरेको भय, निराशा र पलायन

रत्न प्रजापति

पछिल्ला घटनाक्रमहरूलाई हेर्दा देशमा दण्डहीनता र अराजकता बढेको महसुस हुन्छ । दिनहुँ हत्या र बलात्कारका घटना भएका समाचार आइरहेछन् । एकातिर महिलाहिंसाका घटनामा भएको बृद्धिले महिलाहरू भयभीत छन् भने अर्कोतिर सामान्य कारणमा पनि मानवहत्याको क्रम बढेकाले देशका युवा पनि उत्तिकै भयभीत छन् । अपराधीको मनोबल उच्च बनाउने खालका न्यायिक फैसलाहरूले गर्दा नागरिकले भयभीत र असुरक्षित महसुस गर्नुपर्ने अवस्था छ । अझ राज्यको अकर्मण्यताका कारण भइरहेको आमयुवाका सपनाको हत्याले देशका धेरै युवा सुरक्षित जीवन र सुरक्षित भविष्यको खोजीमा विदेसिन लालायित छन् ।

दण्डहीनताले प्रश्रय पाउँदा समाजमा महिलाहिंसा र बलात्कारका घटना बढिरहेको छ । यौन के हो भन्ने थाहै नपाएका बालिकादेखि जीवनको उत्तरार्द्धमा पुगिसकेका वृद्धाहरूसमेत बलात्कृत भइरहेका घटनाले समाजमा सभ्य पुरुषले शिर निहुराएर हिँड्नुपर्ने अवस्था सिर्जना भएको छ । अर्कोतिर व्यक्तिगत रिसइबीदेखि आर्थिक लेनदेनसम्मका विषयलाई कारण बनाएर मानवहत्याका घटनाहरू पनि भइरहेका छन् । तथापि अपराधी पत्ता लगाउने र उसलाई न्यायालयको कठघरामा उभ्याउने काममा देखिएको सुस्तता र उदासीनताले आमनागरिक निराश छन् र भयभीत पनि छन् ।

पीडितहरू न्याय नपाउँदा आक्रोशित छन् भने अन्य सर्वसाधारण भयभीत छन् । अपराधीहरू भने निर्धक्कसँग यही समाजमा बसिरहेका छन्, हिँडिरहेका छन् । न त्यस्ता अपराधी पत्ता लगाउन प्रहरी प्रशासन सक्रिय छ, न त न्यायालयले अपराधीलाई उचित दण्डसजाय दिन सकेको छ । न्यायका लागि रोइकराइ गरेकी एउटी भारतीले बल्लबल्ल न्यायालयबाट न्याय पाउँदा अर्की पीडित आरतीका परिवार अझै पनि न्यायका लागि सडकमा सङ्घर्षरत् छन् । न्याय पाउने आशामा थप अन्याय र अपमान भोग्न विवश छन् । राज्यको संवेदनहीनताले नागरिक प्रताडित छन् ।

कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको ६ वर्ष बितिसक्दा पनि वास्तविक अपराधी अझै पत्ता लाग्नसकेको छैन । यस्ता बलात्कारका घटना अझै पनि समाजमा दिनहुँ घटिरहेका छन् । हिंसाका घटनामा भइरहेको वृद्धि र पीडितले न्याय पाउने काममा भइरहेको ढिलासुस्तीले नागरिक निराश छन् । महिला हिंसाविरुद्धको आवाज उठिरहेका छन् र महिला हिंसाविरुद्धको अभियान पनि चलेकै छ । संयुक्त राष्ट्रसंघको महासभाले १९९९ डिसेम्बर १७ तारिखमा हरेक वर्ष २५ नोभेम्बरलाई महिला हिंसाविरुद्धको दिवसको रूपमा मनाउने प्रस्ताव सर्वसम्मतिले पारित गरेपछि हरेक वर्ष यो दिवस मनाउने गरिएको छ । नेपालले २०५४ सालदेखि यो दिवसलाई १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म) कै रूपमा मनाउने गरेको छ । तर लैङ्गिक हिंसाविरुद्धको अभियान सुरु भइरहेकै बेलामा पनि हिंसा र बलात्कारका घटना सार्वजनिक भइरहेका छन् । त्यसैले महिलाहरूले आफूलाई सुरक्षित महसुस गर्न सकिरहेका छैनन् । यस्तो

अवस्थामा नागरिकको मनमा बारम्बार यस्तो प्रश्न उठ्ने गर्दछ, यो देशको शान्तिसुरक्षाको व्यवस्था किन यति कमजोर छ ? र अपराधीहरूको मनोबल किन उच्च छ ? समाजसँग अपराधी डराउनुपर्नेमा अपराधीसँग समाज डराउनुपर्ने अवस्था किन आयो ?

समाजमा छोरी बचाउनै गाह्रो भो भन्ने गुनासो बढिरहेको छ । यो गुनासोभित्र लुकेको पीडालाई राज्यले अनुभूति गरेको छैन । छोरी बचाउन छोरीलाई पढाऊ भन्ने अभियान पुरानै हो । तर वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दा छोरीलाई भन्दा छोरालाई नै पढाउनुपर्ने बढी आवश्यकता देखिएको छ । पढाउने भनेको अक्षर चिनाउने र डिग्री दिलाउने अनि सीपयुक्त र व्यवसायिक बनाउनेमात्रै होइन । नैतिक शिक्षा दिएर नैतिकवान बनाउने र अनुशासित बनाउने पनि शिक्षाको लक्ष्य र उद्देश्य हुनुपर्छ । शिक्षाको लक्ष्य र उद्देश्यमा नैतिक शिक्षा अटाउन नसक्दा अहिले जतातत्तै नैतिकताको खडेरी परेको छ । मान्छे नैतिकताविहीन बन्दै गइरहेछन् । नैतिकताविहीन समाजमा असल आचरणको आशा गर्नै सकिदैन । नैतिकताभित्र सामाजिक मूल्य र मान्यता पनि पर्दछन् । समाजशास्त्रमा यही सामाजिक मूल्य र मान्यतालाई सामाजिक नियन्त्रणको माध्यमको रूपमा व्याख्या गरिएको पाइन्छ । तर अहिले सामाजिक नियन्त्रणका माध्यमहरू हराउँदै जानुको परिणति नै सामाजिक अपर ाधमा वृद्धि हुनु हो ।

समाजमा रहेर के गर्नुपर्छ र के गर्नुपर्दैन, अनि के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने कुराको हेक्का राख्न सिकाउने नैतिक शिक्षाको कमीले समाज नै अनुशासनहीन बन्न पुगेको छ । यही अनुशासनहीनताले गर्दा उच्छृंखलताले प्रोत्साहन पाएको र त्यही उच्छृंखलताले समाजमा अनेक विकृतिलाई जन्माएको छ । अनि त्यही विकृतिभित्र सामाजिक अपराधले मौलाउने अवसर पाएको छ । अन्ततः त्यस्तो सामाजिक अपराधबाट यही समाज प्रताडित हुने गरेको छ । पीडित र पीडक दुवै यही समाजभित्र रहने भएकाले पीडकलाई दण्ड र पीडितलाई न्याय दिने काम पनि सामाजिक न्यायको सिद्धान्तले अवलम्बन गरको छ । तर न्यायसम्पादनमा देखिँदै गरेका बेथितिहरूले न्यायालयप्रति नागरिकको आशा, विश्वास र भरोसा टुट्दै गएको छ । राजनीतिक आस्थाको आधारमा पीडकलाई छुट दिन र दिलाउन विभिन्न राजनीतिक दलहरूबाट हुँदै आएका प्रयत्नहरूले त्यस्ता राजनीतिक दलहरूलाई अपराध र अपराधीको संरक्षकको भूमिकामा र हेको महसुस गर्दैछन् जनताले । हरेक राजनीतिक दलमा सामाजिक अपराधको कलङ्क लागेका व्यक्तिहरूको आवद्धता र संलग्नताले नागरिकहरू आफूलाई कहींकतैबाट पनि सुर क्षित नभएको महसुस गर्न बाध्य छन् । बेलाबेलामा र ाष्ट्रप्रमुखबाट हुने "आममाफी" का कारण समाज भयभीत हुनुपर्ने अवस्था छ ।

हिंसा र अपराधका घटनामा भएको वृद्धि र बढ्दो दण्डहीनताबाट विशेषगरी देशका रङ्गीन सपना देख्ने युवापुस्ता निकै निराश बनेका छन् । वर्तमान पुस्ताका युवाले धेरैथरी बेथितिहरूको सामना गरिरहेका छन् । सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा विद्यमान बेथितिहरूले सबैभन्दा बढी समाजका तिनै युवा प्रभावित छन् । हरेक बिहानी नयाँनयाँ सपना बोकेर व्युँझने र उज्ज्वल भविष्यको आशा र अवसरको खोजीमा हिँड्ने युवालाई राज्यले आशा होइन निराशामात्रै दिइरहेको छ ।

दिनहुँ बढिरहेको हत्याहिंसा, भ्रष्टाचार र दण्डहीनता, युवाका लागि आवश्यक व्यक्तित्व विकास र रोजगारीको अवसर सिर्जनामा बेवास्ता, प्राप्त अवसरको वितरणमा अनियमितता र असमानता, युवा अधिकार र युवाशक्ति परि चालनमा आवश्यक नीति र कार्ययोजनाको अभाव, हरेक क्षेत्रमा बढ्दै गएको राजनीतिक प्रभाव र दबाब, राजनीतिमा बढ्दै गरेको अराजकता र सत्तासीन राजनीतिक दलमा देखिएको अधिनायकत्व र राजनीतिकै कारण बढ्दै गरेको अनगिन्ती बेथितिबाट आजित युवा विदेशपलायन हुन लालायित छन् । युवाको विदेशपलायनले देश युवाविहीन बन्ने खतरा बढेको छ । यससँगसँगै देश वृद्धाश्रम बन्ने सम्भावना पनि बढ्दै गएको छ ।

बढ्दो युवापलायनले गर्दा अर्थ-सामाजिक क्षेत्रका विज्ञहरूले धेरै अघिदेखि देशका नीतिनिर्माता र सरकारका

जिम्मेवार निकायहरूलाई देश वृद्धाश्रम बन्नसक्नेतर्फ सजग र सचेत गराउँदै आएका छन् । तर जिम्मेवार निकायले जिम्मेवारीबोध नगर्दा बेथितिहरू घट्नुको सट्टा बढिरहेका छन् र त्यसको असरबाट देशका सबै क्षेत्र प्रभावित बन्दै आएका छन् । आमनागरिकमा बढिरहेको निराशा देशमा बढिरहेको बेथितिहरूकै परिणाम हो । देश छोड्न लालायित युवाजमातले यो देश बस्नलायकको छैन भन्ने सङ्केत गरि रहेको छ ।

राजनीतिक आस्थाकै आधारमा अपराधीलाई लुकाउने र जोगाउने राजनीतिक दलहरूको प्रवृत्तिले गर्दा अपराध मनोवृत्तिले बढावा पाएको, राजनीतिक शक्तिको प्रभाव र दबाबबाट न्यायसम्पादनसमेत प्रभावित भएको, न्यायसम्पादनमाथि भएको हस्तक्षेपले गर्दा दण्डहीनता बढेको, पीडितले न्याय नपाउँदा पीडासँगसँगै निराशा बढेको, आर्थिक क्रियाकलापले प्रोत्साहन पाउन नसकेको, रोजगारीको अवसर वृद्धि हुन नसकेको, पुर्ख्यौली पेशा र व्यवसायले मात्रै जीवननिर्वाह सहज नभएको आदि कारणले विकल्पको खोजीमा युवापुस्ताले दिनप्रतिदिन विदेसिनका लागि खुट्टा उचाल्ने क्रम बढेको छ । अहिले हरेक युवा विदेशको सपना देखेर सुत्छन् भने विदेशको सपना देखेरै उठ्छन् । यो अहिलेको तीतो यथार्थ हो । केबल रोजगारीका लागि भन्दा पनि सधैँका लागि देश छोड्ने युवाको संख्या दिनप्रतिदिन बढिरहेको छ । यसरी सधैँका लागि देश छोड्ने युवाको संख्या बढ्नु झनै चिन्ताको विषय हो ।

उच्च शिक्षा र कामको खोजीमा दैनिक हजारौँ नेपाली युवा बाहिरिने क्रम नरोकिने हो भने देश युवाविहीन बन्न अब धेरै समय लाग्ने देखिँदैन । देशका ऊर्जावान युवा विदेसिँदा युवा जनसंख्याबाट प्राप्त हुने जनसांख्यिक लाभांशबाट समेत देश बञ्चित भइरहेको छ । बरु यस्तो लाभ दुबई, कतार, मलेसिया, युएई र कोरिया आदि देशले प्राप्त गरिर हेका छन् । किनभने नेपालका अधिकांश युवा तिनै देशमा कार्यरत् छन् ।

देशमा ठूलो राजनीतिक परिवर्तन भएपछि नेताहरूले नै ठूल्ठूला सपना बाँडेका थिए । अनि रङगीन सपना देख्ने युवाहरू निकै उत्साहित भएका थिए । तर त्यस्तो परि वर्तनपछि पनि देशमा उत्साहनजनक आर्थिक तथा सामाजिक वातावरण सिर्जना नहुँदा निराश युवाले विदेशपलायनलाई नै उत्तम विकल्पको रूपमा रोजेका छन् । ठूलो राजनीतिक परिवर्तनको महसुस युवालगायत आमनागरिकले आफ्नो जीवनमा अझै पनि गर्न पाएका छैनन् । बरु देशमा बढ्दै गएको भ्रष्टाचार, आर्थिक-सामाजिक अपराध, दण्डहीनता र राजनीतिक बेथितिले गर्दा त्यो राजनीतिक परिवर्तनप्रति नै नागरिकलाई पछुतो लाग्न थालेको विश्लेषणसमेत हुन थालेका छन् । पुरानै व्यवस्था र पुरानै व्यक्ति (शासक) प्रति बढ्दै गरेको जनताको आशक्ति र सोहीअनुरूपको राजनीतिक गतिविधिले यही सङ्केत गरिरहेको छ ।

देशको आवधिक योजनामा युवालक्षित कार्यक्रमलाई प्राथमिता दिनुपर्ने आवश्यकतालाई विज्ञहरूले जोड दिँदै आएका छन् । यसै मुताविक चालु सोर्‍हौँ योजनामा राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने, युवालाई अवसर प्रदान गर्दै परि चालन गर्ने र शारीरिकरूपले तन्दुरुस्त युवा निर्माण गर्ने रूपान्तरणकारी रणनीति अवलम्बन गरिएको छ । युवासँग सम्बन्धित् नीति तथा कार्यक्रममा आधारित रहेर युवाको क्षमता विकास, सशक्तिकरण, मूल प्रवाहीकरण, सहभागिता, परामर्श र परिचालनलाई समावेश गर्न'पर्ने आवश्यकता पनि छ । युवाका लागि अधिकार, विकास र परिचालनसम्बन्धी नीतिह कानुनी, संरचनागत र संवैधानिक सुनिश्चितताह उद्यमशीलता र रोजगारीको पर्याप्त सम्भावना भएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलगायतका अवसर आवश्यक भएकाले त्यस्तो अवसर सिर्जनाको कार्यक्रमलाई योजनाबद्धरूपमा सञ्चालन गर्दै जानसके भय र निराशाले पिरोलिएरु विदेशपलायन हुने युवाको संख्यामा कमी आउने अपेक्षा गर्न सकिन्छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्व
२०८१ को उपलक्ष्यमा समस्त नेपाली
दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति,
सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर
प्रगतिको **शुभ-कामना**
व्यक्त गर्दछौं ।

एस. एस. मेडिकल स्टोर

गठ्ठाघर चोक, भक्तपुर
फोन नं. : ०१-६६३१११८, ०१-६६३७०५१
मो.नं.: ९८४१५५५०५२

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक
महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

कृष्णबहादुर प्रजापति
अध्यक्ष एवम्

थिमि स्वाबलम्बन
बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि न.पा. ६, चपाचो
फोनः ०१-६६३९६५३

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभेच्छुक
महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

Kings Medicine Suppliers Pvt. Ltd.

Madhyapur Thimi-4, Bhaktapur
Phone: 9849623563

औषधी तथा औषधीजन्य बस्तुको थोक बिक्रेता

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्व
२०८१ को उपलक्ष्यमा समस्त ग्राहकवर्गमा
हार्दिक मंगलमय

शुभ-कामना
व्यक्त गर्दछौं ।

जगदिशमान श्रेष्ठ
अध्यक्ष

शंखधर नयाँबाटो थिमि यातायात प्रा.लि.

मध्यपुर थिमि न.पा.-४, शंखधरचोक
फोन नं. : ०१-५०९३१९५

होमियोप्याथिक औषधि नै किन त ?

डा. रामहरि श्रेष्ठ
होमियोप्याथिक चिकित्सक

अल्बर्ट आइन्स्टाईनले धेरै पहिले नै भनेका थिए कि अबको औषधिको भविष्य भनको फ्रिक्वेन्सी मेडिसिन हो । यसै भनाईलाई पुष्टि गर्ने औषधि हो होमियोप्याथिक औषधि । औषधि जन्य पदार्थलाई धेरै पटक डाइलुसन र सकसन गरि बनाएको औषधि नै होमियोप्याथिक औषधि हो, अर्थात औषधिको कच्चा पदार्थलाई पानीमा घुलेर सयौं देखि हजारैं पटक डाइलुट गरी चलाएर बनाएको औषधि हो । धेरैको गलत बुझाई यो औषधि घरमा बन्ने औषधि हो कि भन्ने छ । तर यो कम्पनी वा औषधिको उद्योगमा बाहेक घरमा बन्न सम्भव नै छैन । यो ओषधिको मुख्य स्रोत भनेकौ बनस्पती, जनावरको स्रोत, केमिकल र खनिज पदार्थ नै हो ।



उद्योगमा होमियोप्याथिक औषधी बनाउँदै

“सिमिलिया सिमिलिवस कुसेन्टर” अर्थात उस्तै लक्षण निकाल्न सक्ने औषधिले उस्तै लक्षण भएको रोगलाई निको पार्दछ भन्ने सिद्धन्तमा आधारित यो औषधि र उपचार निकै प्रभावकारी र साइड इफेक्ट रहित छ । एउटै अनि निकै थोरै औषधिले पनि रोगलाई पूर्ण रुपमा निको बनाउन सक्छ र खान पनि निकै सजिलो छ । टाउको दुखाइ , मनाइग्रेन, रुघा खोकी, टनसिल, एलर्जी, दम, ग्याष्ट्रिक, पेटको रोग, प्रोस्टेट, पत्थरी, छालाको समस्या महिनावारीसँग सम्बन्धित समस्या, महिला, पुरुषसँग सम्बन्धित समस्या, ट्यूमर, जोर्नी दुखाई, बाथ, जस्ता हरेक रोगको लागि यो औषधि निकै प्रभावकारी छ । तर यो औषधि सधै चिकित्सकको सल्लाहमा मात्र खान जरुरी छ ।

होमियोप्याथिक ग्लोबुल्स (दानाहरु) र औषधी

सेतो चिनीका दाना वा युरिया मल जस्ता देखिने दाना औषधि नै हामियोप्याथिक औषधिको ट्रेडमार्क बनेको छ वा सबैले चिन्ने भएको छ । तर त्यी दाना वास्तवमा औषधि होइन, त्यो उखुको जुसबाट बनेका चिनिका दाना नै हुन् । यसमा औषधि मिसाए पछि मात्र औषधिको काम गर्दछ । त्यी दाना, औषधि बोक्ने एउटा माध्यम मात्र हो । त्यी दानाहरुले फोल औषधि सोसी राख्ने काम गदर्छ , जस्को कारण खान सजिलो र जिब्रोमा फिजिन सजिलो हुनुका साथै प्रभावकारी पनि हुन्छ । होमियोप्याथिक औषधि जिब्रोमा फिजे पछि नै काम गर्दछ ।

होमियोप्याथिक चिकित्सालय

यो चिकित्साको अध्ययन गर्न १०+२ मा विज्ञान विषयमा बाइलोजी लिइ अध्ययन गरे पश्चात स्नातक ५ ½ वर्षको ९साँढे पाँचको कोर्ष जस्मा १ वर्ष प्रयोगात्मक अर्थात इन्टर्नसिप सहितको हुन्छ । BHMS कोष (BACHELOR IN HOMEOPATHIC MEDICINE AND SURGERY) अध्ययन गनुपर्छ र BHMS कोष MBBS समान कोर्ष नै हो जस्मा होमियोप्याथिक औषधि र उपचार को विषय थप गरिएको हुन्छ । स्नातक पश्चात ३ वर्षको स्नातकोत्तर (MD) हुन्छ । हाल भारतमा आयुष (AYUSH) मन्त्रालयको डाटा अनुसार २८० वटा होमियोप्याथिक मेडिकल कलेज छन भने एउटा होमियोप्याथिक विश्वविद्यालय नै छ । नेपालमा भने सन् २००२ सालमा एक मात्र होमियोप्याथिक मेडिकल नेपाल होमियोप्याथिक मेडिकल कलेज (NHMC) बिराटनगरमा सुरु भएको थियो तर आठवटा ब्यार्थ पश्चात विभिन्न कारणवश यो अध्ययन संस्थान बन्द भयो । त्यस्तै २००८ मा भक्तपुरमा □□□/□□□ पछि ३ वर्ष अध्ययन हुने Diploma अर्थात HA कोर्ष सुरु भएको थियो ।

थोरै औषधि खाए पनि पुग्ने र साइड इफेक्ट रहित भएकोले हालको समयमा निकै आवश्यक र अन्य औषधिको

राम्रो बिकल्पको रुपमा यो औषधि स्थापित भएको छ । कतिपय शल्यक्रिया अर्थात अपरेशन गर्न' पर्ने रोगहरु जस्तै पत्थरी, पाइल्स, ट्यूमर, नाकमा मासु पलाएको आदि जस्ता समस्याहरु बिना अपरेशन पनि निको हुन्छ । तर यो भन्दै गर्दा सबै रोगहरु औषधिले मात्रैले ठिक गर्छ भन्ने होइन । कतिपय रोगको अवस्था र आवश्यक्ता मुल्यांकन गरी अपरेसन पनि गर्नु पर्ने हुन्छ । तसर्थ यो औषधि र उपचार को लागि सधै चिकित्सकको सल्लाह, आवश्यक जाँच, परीक्षण पश्चात मात्र खानु उचित हुन्छ । नत्र फाइदा भन्दा बढी हानी हुन सक्छ । धेरै जस्तो बिरामी अन्यत्र थुप्रै औषधि खाई सके पछि अन्तिम बिकल्पको रुपमा होमियोप्याथिक औषधि उपचार गर्न आउँछन्, तर कुनै पनि रोगको सुरुवातमा नै यो औषधि सुरु गर्नु भयो भने निकै राम्रो परिणाम आउँछ । तसर्थ होमियोप्याथिक औषधिको प्रयोग सधै विशेषज्ञ चिकित्सकबाट परिक्षण र परामर्श पश्चात मात्र प्रयोग गर्नु होला र रोगको सुरुवाती अवस्थामै गर्नु होला ।

स्मरण छ, बि.सं २०१० साल देखि सरकारी स्तर बाटै सेवा प्रदान गरिदै आएको हो । नेपालको पहिलेका संबिधान र हालको बि.सं २०७२ सालको सविधानमा पनि उल्लेख यो औषधि र उपचार, नेपालको स्वस्थ्य सेवा ऐन २०५३ को दफा ६ मा पनि नेपालका उपचार पद्धतिमा एलोप्याथिक, आयुर्वेदिक, र होमियोप्याथिक रहने उल्लेख गरिएको छ भने स्वस्थ्य सेवा नियमावली २०५५, राष्ट्रिय स्वस्थ्य नीति २०७६, शहरी स्वस्थ्य नीति २०७२ लगायत हरेकमा उल्लेख गरिएको छ ।

स्तन क्यान्सर

लक्ष्मी श्रेष्ठ
नर्सिङ्ग प्रमुख, भक्तपुर क्यान्सर अस्पताल



नेपालमा विभिन्न रिपोर्ट अनुसार क्यान्सर बढ्दो क्रम जारी छ । जसमा बाइस हजार भन्दा बढी मात्रामा क्यान्सरको रोगी रहेकोमा चौध हजार भन्दा बढीको मृत्यु भएको गत वर्षमा अनुमान गरिएको छ । त्यसमा पनि स्तन क्यान्सरको विरामी बढ्दो क्रममा रहेको छ । पहिला दोस्रो नम्बर रहेको हालका वर्षमा पहिलो नम्बर हुन आएको छ ।

स्तन क्यान्सर भनेको के हो ?

स्तनमा भएका कोषहरुको अनियन्त्रित र असामान्य रुपमा वृद्धि स्तनमा भएका कोषहरुको भनिन्छ । यो स्तनको क्यान्सर स्तनको हुनुलाई स्तन क्यान्सर भनिन्छ । यो स्तनको क्यान्सर स्तनको विभिन्न भागमा शुरु हुन सक्छ । प्राय: जसो स्तनको भित्री भाग लोव्युल्स अथवा दुध उत्पादन हुने गर्ने ग्रन्थीमा डक्ट अथवा दुध वाहिरी नलीबाट शुरु हुने गर्दछ । स्तन क्यान्सर शरिरका विभिन्न भागहरुमा रक्त नलीहरु र लिन्फ नलीहरुको माध्यमबाट फैलिन सक्छ । स्तन क्यान्सर संसारका १८५ वटा राष्ट्रहरु रहेकोमा १५७ वटा बढी मात्रामा पाइएको छ । यो महिलासँगै अनुमानित ०.५-२% ले पुरुषमा पनि हुन सक्छ ।

यो विश्व स्वास्थ्य संगठनका अनुसार यो (Human development Intese (HDI) बढी भएको देशमा १:१२ महिलामा हुन सक्ने र १:७१ महिलाको मृत्यु हुने साथै कम Human development Index (HDI) भएको देशहरुमा १:२७ मा पत्ता लागेको र १:४८ को मृत्यु भएको उल्लेख गरिएको छ ।

सम्भावित कारणहरु :

१. वंशाणुगत
२. महिला दिदी बहिनीहरु र ०.५-१% पुरुष
३. धुम्रपान मध्यपान गर्ने
४. अस्थायी साधन (हर्मोन) को बढी प्रयोग गर्ने
५. बच्चा नजन्माउने महिला
६. स्तनपान नगराउने महिला

७.	तौल बढी भएका
८.	स्तनको आकार
९.	पहिला नै स्तन क्यान्सर छ भने अर्कोमा हुने सम्भावना
१०.	काखीमा अनावश्यक औषधिको बढी प्रयोग

चिन्ह तथा लक्षणहरु :

१.	स्तन वा काखीमूनि नदुख्ने गिर्खा आउनु
२.	स्तनकोक आकारमा परिवर्तन आउनु
३.	स्तनको मुन्टा भित्रतर्फ जान थाल्नु
४.	स्तनको मुन्टाबाट पीप, रगत वा पानी जस्तो तरल पदार्थ बग्नु :
५.	स्तन दुख्नु वा सुन्निनु
६.	स्तनको छालामा निको नहुने घाउ आइरहनु
७.	स्तन छाला सुन्तलाको बोक्रा जस्तो हुनु

पुरुषमा स्तन क्यान्सर हुंदा देखिने लक्षणहरु :

१.	स्तनमा गाँठो वा गिर्खा हुने तर नदुख्ने
२.	स्तन मोटो र बाक्लो हुनु
३.	स्तनको मुन्टोमा परिवर्तन हुनु
४.	स्तनको छालाको रङ्ग परिवर्तन हुनु
५.	मुन्टोबाट सेतो तरल पदार्थ वा रगतयुक्त तरल पदार्थ निस्की रहने ।

स्तन क्यान्सरको जाँच/परिक्षण गर्ने विधिहरु :

१.	आफ्नो स्तन आफैले जाँच गर्ने (Breast self exam)
२.	डाक्टर, नर्स अथवा स्वास्थ्य कर्मचारीद्वारा जाँच गराउने (Clinical breast exam)

३.	स्तनको भिडियो एक्सरे गर्ने (Ultrasound)

४.	म्यामोग्राफि (Manonography) गर्ने

स्तन क्यान्सर भएपछि उपचार गर्ने विधि/तरिका

१.	अपरेशन गर्ने
२.	कमोथेरापी (उपचारमा सुइको प्रयोग गर्ने)
३.	सेकाइ गर्ने (रेडियशन थेरापी)
४.	हर्मोन थेरापी र
५.	अन्य ।

स्वयं स्तन जाँच गर्ने तरिका : (Self Breast examination)

१.	जाँच गर्न अगाडी ऐना अगाडी उभिएर आफ्नो दुबै हातलाई तलमाथि तथा कम्मरमा राखेर आफ्नो

स्तन र काखीमा हेर्ने । यसरी हेर्दा स्तनको आकार, गाठागुठी र छालाको रंग हेर्ने ।



२. यो उभिएर वा सुतेर जाँच गर्ने वा परिक्षण गर्ने । परिक्षण गर्नको आफनो हातको वीचमा तीन औंलाको टुप्पोको भाग भन्दा तल्लो सतह भागको प्रयोग गर्नुपर्छ ।

३. दायाँ हातले वायाँ स्तनमा हल्का तरिकाले दवाव दिएर र त्यसपछि हातलाई स्थिर बनाएर भित्रसम्म दवाव दिएर केही गिर्खा तथा दुखाई छकि भनेर जाँच गर्नु पर्दछ ।

४. जाँच गर्दा गोलाकार घडीको सुई अनुसार वा तलमाथि वा वाहिरीबाट भित्रतिर जाँच गर्ने

६. स्तनको मुन्टालार्य हल्का निचोरेर त्यसबाट रगत अथवा फोहोर पदार्थ आउँछ आउदैन हेर्ने ।

स्तन जाँच गर्ने दिन ः

महिनावारी भइरहेको महिलाहरुले महिनावारी भएको चौथो दिनदेखि सातौ दिनसम्म ।

महिनावारी सकिसकेका महिलाहरुले हरेक महिला निश्चित कुनै एक दिन -महिनाको पहिलो शनिवार वा सम्झने दिनमा जाँच गर्न सकिन्छ अथवा भित्ते पात्रोमा कुनै चिन्ह लगाएर पनि दिन सम्झिन सकिन्छ ।

परिक्षण गर्दा समसया देखेमा ः

आफ्नो स्तन आफैले जाँच गर्दा कुनै समस्या देखिएमा तुरुन्तै चिकित्सकसँग परामर्श गरी बेलैमा उपचार गरेमा पूर्ण रुपमा निको पार्न सकिन्छ । प्रारम्भिक परीक्षणले क्यान्सर लाई जटिल अवस्था सम्म पुग्नबाट रोक्न सकिन्छ ।

बचावटका उपायहरु ः

१. स्तनको नियमित जाँच वा परीक्षण गर्ने
२. बच्चालाई पर्याप्त स्तनपान गराउने ।
३. नियमित व्यायाम गर्ने ।
४. तौललाई सन्तुलन राख्ने ।
५. पोषणयुक्त खानेकुरा खाने ।
६. धुम्रपान तथा मद्यपान नगर्ने
७. पाठेघर/यौन सम्बन्धि कुनै समस्या देखा परेमा समयमै उपचार गर्ने र गराउने ।
८. समयमै स्तनको परीक्षण गरौं स्तन क्यान्सर हुनबाट बचौं ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष, शुभ-दीपावली छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण पर्यटकहरु एवं नेपालीहरुमा हार्दिक मंगलमय शुभ-कामना

Ramesh Prajapati
Managing Director

ABC Himalayan Trekking & Tours Pvt. Ltd.
Mountain Gear Wear Building
2nd Floor, Jyatha Road, Thamel, Ktm, Nepal
P.O.Box: 8158, Phone:977-1-4248196
Mobile:977-9841262059
Email:info@abchimalayan.com

“सुख-दु:खमा, सप्तकौशिका साथमा”

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक
महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

गोविन्द कृष्ण श्रेष्ठ
अध्यक्ष एवम्

सप्तकौशिका बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि न.पा. ४, शंखधरचोक
फोन: ०१-५०९३५५५

“सुख-दु:खमा, सप्तकौशिका साथमा”

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक
महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

राजेश श्रेष्ठ
अध्यक्ष एवम्

सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमि न.पा. ४, शंखधरचोक
फोन: ०१-५०९३४२६, ५०९३२१९

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं
छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम्
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

प्रो. नजरमान श्रेष्ठ

श्री बालकुमारी तितौरा
तथा
मसला उद्योग

बालकुमारी, मरुटोल, मध्यपुर थिमि
फोन: ९८४११८३३३१

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं
छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम्
शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

प्रो. तुईलाल कायस्थ

मनासुल फर्निचर उद्योग

तछुटोल, मध्यपुर थिमि-४
फोन: ०१-५०९२३९३, ९८४१६६५६०४

नेपाल रेडक्रस सोसाइटी (नेरेसो)

उमा थापा
कार्यालय प्रमुख, नेरेसो भक्तपुर शाखा

बि.सं. २०२० साल भाद्र १९ गते तद्नुसार ४ सेप्टेम्बर १९६३ का दिन "नेपाल रेडक्रस सोसाइटी (नेरेसो)" को स्थापना भएको हो । नेरेसो गैरनाफामूलक स्वयंसेवी संस्था हो र यसले मानवीय कार्य क्षेत्रमा सरकारको सहयोगीको भूमिका खेल्दछ । बि.सं. २०२० साल माघ २४ गते तत्कालीन नेपाल सरकारद्वारा जेनेभा महासन्धिहरूमा सम्मिलित भएपछि प्रचलित कानुनअनुसार राष्ट्रभरी कार्य गर्ने गरी नेरेसोलाई नेपाल सरकारबाट मान्यता प्राप्त भएको थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको एक मात्र राष्ट्रिय रेडक्रस सोसाइटीको रूपमा रहेको नेरेसो अन्तर्राष्ट्रिय रेडक्रस अभियानको अभिन्न अंङ्ग हो । यसलाई वि.सं. २०२१ साल असोजमा आई.सी.आर.सी. तथा फेडेरेशनले क्रमश: मान्यता र सदस्यता प्रदान गरेका थिए । अन्तर्राष्ट्रिय रेडक्रस अभियानका सात आधारभूत सिद्धान्त छन् । रेडक्रसका गतिविधि तथा काम गर्ने तौर-तरिकाहरू यिनै सिद्धान्तहरूबाट निर्देशित हुन्छन् । सन् १९६५ अक्टोवरमा भियनामा सम्पन्न रेडक्रसको बीसौ अन्तर्राष्ट्रिय सम्मेलनद्वारा निम्नलिखित सात वटा सिद्धान्तहरू पारित भएका छन् :

१. मानवता (मानव जीवन, स्वास्थ्य र सम्मानको सुरक्षा, मानवीय पीडाको रोकथाम, कमी र शान्ति अभिबृद्धि)
२. निष्पक्षता (भेदभावविहीनता र प्राथमिकताका आधारमा सहयोग)
३. तटस्थता (सबैको विश्वास प्राप्त गर्न, कसैको पक्ष नलिने र विवादमा संलग्न नहुने)
४. स्वाधीनता (स्वायत्त रूपले आफ्नो काम गर्ने, मानवीय कार्यमा सरकारको सहयोगी)
५. स्वयंसेवा (आर्थिक र अन्य तत्काल लाभबाट प्रेरित नभई गरिने स्वेच्छिक मानवीय सेवा)
६. एकता (सबैका लागि खुल्ला रहने र देशका सबै क्षेत्रमा कार्यरत एउटा मात्र रेडक्रस)
७. विश्वव्यापकता (विश्वव्यापी अभियान जसमा सबै राष्ट्रिय सोसाइटीले समान हैसियतमा परस्पर सहकार्य गर्दछन्)

नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाको स्थापना वि.स.२०२५ साल फाल्गुण ७ गते भएको थियो । नेरेसो भक्तपुर जिल्ला शाखामा २४ वटा उपशाखाहरु रहेका छन् भने जिल्ला कार्यसमितिमा १८ जना सदस्य रहेका छन् ।यस जिल्ला शाखा अर्न्तगत ८५ सक्रिय जुनियर रेडक्रस सर्कल र ५ वटा युवा रेडक्रस सर्कल रहेको छ । नेरेसो भक्तपुर जिल्ला शाखामा यशष्कर सदस्य, विशिष्ट सदस्य, आजिवन सदस्य, साधारण सदस्य, संस्थागत सदस्य र जुनियर युवा सदस्य गरी १५,२३० भन्दा बढि सदस्यहरु संलग्न छन् ।यस जिल्ला शाखा अर्न्तगत १२ वटा समितिहरु रहेका छन् : विपद् तथा सफ्ट व्यवस्थापन समिति, संगठन तथा जनशक्ति विकास समिति, स्वास्थ्य तथा एम्बुलेन्स सेवा समिति, जुनियर युवा रेडक्रस समिति, आर्थिक तथा स्रोत परिचालन समिति, लैंगिक समानता तथा सामाजिक समावेशिकरण समिति, रक्त सञ्चार सेवा समिति, सञ्चार तथा मानवीय मूल्य प्रर्वद्धन समिति, पदपूर्ती समिति, प्रवर्दनात्मक प्राथमिक उपचार समिति, पारिवारिक सम्पर्क तथा पुन:स्थापना समिति र लेखा समिति । उल्लेखित सबै

समितिहरुले आफ्ना कार्यक्षेत्र अन्तर्गतका विभिन्न गतिविधिहरुद्धारा समुदायमा जनचेतना फैल्याई समुदायलाई उत्थानशील बनाउन सहयोग पुर्‍याउँदै आएको छ । संस्थाको संगठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी संगठनहरूसँग सर्म्पक स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र संकटाभिमुखता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूर गामी लक्ष्य हो । धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जाति, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने नेपाल रेडक्रस सोसाइटीको उद्देश्य हो ।

"रगत नपाए भक्तपुर जानु" भन्ने भनाईद्धारा समुदाय तथा देश भरी नै प्रख्यात रहेको नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा रक्तसंचार सेवाको स्थापना वि.सं २०४५ सालमा भएको थियो भने वार्षिक रुपमा यस रक्तसंचार सेवाबाट ५०,००० भन्दा बढि पिंट रगत तथा रक्ततत्व वितरण भैरहेको छ ।

नेपाल रेडक्रसका सेवा कार्यक्रमहरू

नेपाल रेडक्रस सासाइटीले देहायबमोजिम चारवटा मुख्य कार्यक्षेत्रहरूमा गतिविधिहरू सञ्चालन गरिरहेको छ :

क. जीवन रक्षा गर्ने, जीविकाको संरक्षण गर्ने, विपद् र संकटबाट पुनर्लाभ गर्न समुदायको क्षमता बढाउने, विपद् पूर्वतयारीका रणनैतिक लक्ष्यसहित यो संस्था विपद् व्यवस्थापन क्षेत्रमा कार्यरत छ । विपद् पीडितहरूको उद्धार र राहत सेवा, पुन:स्थापना कार्यक्रम, ट्रेसिङ सेवा (खोजतलास तथा पारिवारिक पुन:स्थापना र पुनर्मिलन), द्वन्द्व प्रभावित परिवारका लागि सहयोग, रेडक्रस सन्देश आदानप्रदान, विपद् व्यवस्थापन ।

ख. सुरक्षित, उत्थानशील र स्वस्थ समुदायको प्रवर्द्धन क्षेत्रमा पनि नेपाल रेडक्रस निरन्तर कार्यरत छ । आपत्कालीन समयमा घाइने वा बिरामीको सेवाको लागि रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा र प्राथमिक उपचार सेवा प्रदान गर्दै आएको छ । यसैगरी आकस्मिक सेवा र स्वास्थ्य शिविर र सहयोग कार्यक्रमहरू, सामुदायिक विकास, खानेपानी, सरसफाइ जस्ता स्वास्थ्य प्रवर्द्धनका गतिविधिहरू मार्फत महामारी रोकथामका क्षेत्रमा नेपाल रेडक्रस प्रयत्नशील रहेको छ ।

ग. रेडक्रस ज्ञान र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार प्रसार, रेडक्रस प्रतीक चिन्हको सम्मान अभिबृद्धि, सुरक्षित पहुँच र मानवीय मूल्यको प्रवर्द्धनका लागि आन्तरिक र वाह्रय सञ्चार नेपाल रेडक्रसका महत्वपूर्ण गतिविधिहरू हुन् । यी गतिविधिहरूले सामाजिक समावेशीकरण, संरक्षण, अहिंसा र शान्तिको संस्कृतिलाई प्रवर्द्धन गर्ने क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दछन् ।

घ. संस्थाको कार्यकारिणी र व्यवस्थापकीय क्षमता सुदृढीकरण गर्दै समुदायको संकटासन्नता न्यूनीकरण गर्नका लागि संगठनका सबै तहमा कार्य सम्पादन स्तर बृद्धि गर्न आवश्यक पर्ने गतिविधिहरू जस्तै : महिला सहभागिता बृद्धि, जुनियर युवा तथा स्वयंसेवक परिचालन, जनशक्ति विकास, स्वयंसेवक व्यवस्थापनजस्ता गतिविधिहरू नेपाल रेडक्रस र समुदायका लागि महत्वपूर्ण छन् ।

मानवीय कार्यक्षेत्रमा सरकारको सहयोगी भूमिकामा रेडक्रस मुलुकका बासिन्दाहरूको मानवीय आवश्यकताहरूलाई सम्बोधन गर्ने जिम्मेवारी हरेक सार्वभौम देशका सरकार हरूमा रहेको हुन्छ । रेडक्रसका राष्ट्रिय सोसाइटीहरूले सरकारका यी प्रयासहरूमा सहयोग गर्दछन् । विपद्, युद्ध, द्वन्द्व वा अन्य बिभिन्न अवस्थाहरूका साथै शान्तिकालमा सरकारको पहुँच नपुगेको वा पुग्न नसक्ने अवस्थामा रेडक्रसले जनताको मानवीय आवश्यकतामा सहयोग गर्दछ । युद्धको अवस्थामा राष्ट्रिय सेनाको चिकित्सा सेवा तथा सामान्य नागरिकहरूको लागि सहयोग गरिरहेको हुन्छ । रेडक्रसले मानवीय सेवाका गतिविधि सञ्चालन गर्दा जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन, स्वास्थ्य प्रवर्द्धन, अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचारप्रसार तथा प्रवर्द्धनजस्ता विषयमा सरकारी निकायबाट रेडक्रसका आफ्ना सिद्धान्तअनुरूप कार्य गर्न खास कार्यादेश प्राप्त गरेको हुन्छ । मानवीय कार्यमा

रेडक्रस सरकारी लगायत सबै पक्षका लागि एउटा भरपर्दो साझेदारको रूपमा रहेको हुन्छ ।

नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखामा रहेका उपशाखाहरु नै यस जिल्ला शाखाका अभिन्न अंग हुन् । जिल्ला शाखाका हरेक गतिविधिहरुलाई समुदायमाझ प्रभावकारी रुपमा संचालन गर्न , रेडक्रसका सिद्धान्त अपनाई समुदायमा जनचेतनामुलक कार्यक्रमहरु,विपद पुर्वतयारी तथा प्रतिकार्य,राहात वितरणका लगाएत सम्पुर्ण गतिविधिहरु आ्नो कार्यक्षेत्रमा संचालन गरी रेडक्रस अभियानलाई घरघरमा चिनाउन र जिवित राख्न सफल हुनुमा उपशाखाहरुको नै योगदान रहेको छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष, शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा नेपालीहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

Garden of Books

Ghalate, Suryabinayak

Contact details: 9843290091 (Dr. Ajay), 9849510305 (Dr. Neelima)

- Study Room, Work from Home Space in Bhaktapur.
- Indoor Clean, Comfortable and Quiet seating spaces.
- Personal Seating space with Plug Points and LED lights on each seats.
- High-speed WiFi.
- Parking spaces for 2 wheelers and 4 wheelers.
- Open, Green , Spacious Outdoor seating space for Studying, Eating, Resting, Recreation (TT, Badminton, etc.)
- Mineral water in water dispenser (Hot+Cold).
- In-house meal services and outside meal delivery services available.
- CCTVs installed for security.
- Inverter Back up for electricity.
- Western and Eastern style clean washrooms.

नेपाल सम्वत् ११४५ नयाँ वर्ष, शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

u0f]zdfg >]7

प्रोप्राइटर

सत्यम् शिवम् सुन्दरम् खाद्यान्न उद्योग

मध्यपुर थिमि न.पा.-३, तेर्सांटार

फोन: ९८५११४१०६०

नेपाल सम्वत् ११४५ नयाँ वर्ष, शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

g/ [b|9s fn

प्रोप्राइटर

बिपु बुक्स एण्ड स्टेशनरी

शंखधरचोक, मध्यपुर थिमि (प्रभु बैंकसंगै)

सम्पर्क : ९८४१२४४८१६

यहाँ कलेज तथा विद्यालयको पाठ्यपुस्तक पाइन्छ ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण
शिक्षक-शिक्षिका, अभिभावक, विद्यार्थीवर्ग एवं शुभचिन्तक
महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

बुद्धिकुमार घो श्रेष्ठ
प्रधानाध्यापक एवं

आदर्श माध्यमिक विद्यालय

लायकू, थिमि, भक्तपुर
फोन नं. : ६६३०३२१

नेपाल सम्वत् ११४५ नयाँ वर्ष, शुभ-दीपावली एवं छठ पर्वको उपलक्ष्यमा

शुभ-कामना



uwfbf; >]7	bufb{dfkg >]7
का.वा. अध्यक्ष	क्याम्पस प्रमुख

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शिक्षक शिक्षिका, अभिभावक एवं विद्यार्थीवर्गमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

Rajendra Shrestha
Principal

EMMANUEL ENGLISH BOARDING SCHOOL

Madhyapur Thimi-3, Gatthaghar, Bhaktapur
Contact No. 01-6631108, 6638830

मानवीय सेवामा युवा रेडक्रसको भूमिका

सागर गुरागाई
शिक्षक एवं पत्रकार

युवाहरु समाजका उर्जा हुन् । उर्जालाई सहि ठाउँमा प्रयोग गर्दा त्यो ठाउँ झलमल्ल उज्यालो हुन्छ । तर उर्जाको दुरुपयोग भएमा त्यहाँ आगलागी, विष्फोट र विध्वंस पनि हुनसक्छ । विश्वव्यापी मानवतावादी संगठन रेडक्रसको सदस्य बनेर विपद्मा परेका मानवको उद्धार, राहत र पुर्नस्थापनामा युवा वर्गको ठुलो भूमिका रहँदै आएको छ । नेपाल रेडक्रस सोसाइटी अन्तर्गत विभिन्न जिल्ला शाखा र उपशाखाहरुले पनि जुनियर रेडक्रस सर्कल स्थापना गरेर उनीहरुलाई आवश्यक आधारभूत तालिम दिएर मानवीय सेवामा खटाएका छन् । रेडक्रस भनेको विपद्मा परेका मानवको उद्धार, राहत र पुर्नस्थापनामा नि:स्वार्थ भावले सहयोग गर्ने स्वयंसेवी संस्था हो ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भक्तपुरको पहिलो उपशाखाको रुपमा परिचित मध्यपुर थिमि उपशाखा करिब ३ दशक अघि स्थापना भएर मानवीय सेवाका कार्य गर्दै आएको छ । मानवीय सेवाको पुण्य कार्यमा समर्पित युवाहरुलाई उनीहरुको जोश, जाँगर, सीप, क्षमता र शक्तिलाई सदुपयोग गर्दै विपत्तिमा परेका मानवलाई उद्धार, राहत प्रदान एवं स्वास्थ्य सचेतना, सरसफाई, रक्तदान लगायतका कार्यहरु हुँदै आएका छन् ।

सामान्यतया १० वर्षदेखि १८ वर्षसम्मका युवायुवतीहरुलाई मानवीय सेवा, प्राथमिक उपचार तालिम, प्राकृतिक एवं दैवि प्रकोप उद्धार तालिम, स्वास्थ्य सचेतना लगायतका तालिमहरु दिएर मानवीय सेवामा लाग्न अभिप्रेरित गर्ने संस्था पनि रेडक्रस नै हो । विशुद्ध मानवीय सेवा र समाजसेवामा लाग्न अभिप्रेरित गर्नु पनि सामान्य विषय होइन । किनकि सामान्यतया टिनएजका युवायुवतीहरु खेलकुद र मनोरञ्जनलाई मात्रै प्राथमिकता दिन्छन् । अभिभावक र शिक्षालयले राम्ररी अभिभावकत्व गर्न नसक्दा कयौं युवायुवतीहरु मादकपदार्थ र लागुपर्दाथको दुर्व्यशनमा फसेका हुन्छन् । यस्तो संवेदनशील उमेरका युवायुवतीलाई मानवीय सेवाका कार्यमा तनमनका साथ काम गर्न हौसला र प्रेरणा दिने काम पनि रेडक्रसका अगुवाहरुकै दायित्व भित्र पर्दछ ।

नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखाका हस्तीहरु दुर्गामोहन श्रेष्ठ, रमेश उखा श्रेष्ठ, भुवन चरण श्रेष्ठ, तुईलाल श्रेष्ठ, ज्ञानदेव श्रेष्ठ, पूर्णकेशरी श्रेष्ठ, बाबुकाजी श्रेष्ठ लगायतको अगुवाइमा उपशाखाले धेरै विपद्मा परेका मानवहरुलाई उद्धार, राहत, पुर्नस्थापनदेखि रक्तदान लगायतका सामाजिक कार्यहरु गर्दै आएको छ । उक्त कार्यहरुमा रेडक्रसका युवा सर्कलहरु विभिन्न क्याम्पस र विद्यालयहरुमा गठन गरेर विभिन्न तालिम, र्‍याली, सरसफाई, चित्रकला प्रतियोगिता, लागुपदार्थ र मादकपदार्थको दुर्व्यसनीबाट बच्ने उपायबारे सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । अझै पनि नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखाले युवालक्षित कार्यक्रमहरु सशक्त र प्रभावकारी रुपमा गर्दै अघि बढ्नु पर्छ ।

स्वयंसेवकको रुपमा मानवीय सेवाका काममा युवा जगतलाई प्रेरित गर्दा आफनो घरपरिवार, साथीभाई, आफन्त र समाजमै सकारात्मक संदेश प्रवाह हुन्छ । मानवीय सेवाका कार्यमार्फत असल समाजसेवी बन्न सकिन्छ भन्ने

अवधारणा सबै युवायुवतीको मनमष्तिस्कमा छाप बसाउन पनि रेडक्रसका अग्रणी व्यक्तिहरुको महत्वपूर्ण भूमिका अपेक्षित छ । पछिल्लो समयमा युवायुवतीहरु मानवीय सेवाका कार्य भन्दा विदेशमोहमा फसेका देखिन्छन् । त्यसैले नेपाल रेडक्रस सोसाइटीले सबै शाखा र उपशाखा मार्फत जुनियर रेडक्रस सर्कललाई सशक्त र प्रभावकारी रुपमा अघि बढाउन विभिन्न तालिम गोष्ठी आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

युवा अदम्य शक्ति र साहसका पुञ्ज हुन् । ती देशका आशा र भरोसा हुन् । युवा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिसमेत हुन् तर त्यस्ता नेपाली युवा आफैं अन्योलमा छन् । युवाको अपार ऊर्जा आत्मसात् गरी व्यवस्थापन र परिचालन गर्दा मुलुकको कायापलट हुन्छ । युवा शक्तिको महत्व मनन् गरी संयुक्त राष्ट्रसंघले सन् १९९९ देखि हरेक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रुपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि विश्वभर युवा दिवस मनाउने गरिएको छ ।

नेपालमा औपचारिक रुपमा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । राष्ट्र विकासमा युवाशक्तिको सार्थक परिचालनको महत्व र आवश्यकता आत्मसात् गरी बि.सं. २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय स्थापना गरियो । बि.सं. २०६६ सालमा राष्ट्रिय युवा नीति तय गरियो । बि.सं. २०७२ सालमा त्यसलाई परिमार्जन गरी त्यसैको मार्गदर्शनमा १० बर्से युथ भिजन २०२५ बनाई उत्साहपूर्ण रणनीति कार्ययोजना जारी गरी लागु गरिएको छ । त्यो भिजनले युवाका लागि गुणस्तरीय शिक्षा, रोजगारी र उद्यमशीलता, युवाको स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास अनि खेल र मनोरञ्जनलाई आधार मानेर पाँचखम्बे रणनीति र कार्यक्रम तय गरेको छ । राष्ट्रिय युवा नीति अनुसार १८ देखि ४० वर्ष उमेरका युवा हुन् ।

देशको कुल जनसंख्याको चालिस प्रतिशतभन्दा बढी युवा समूह छ । यो समूह नै आर्थिक, सामाजिक गतिविधिमा बढी संलग्न छ तर यो जनसांख्यिक लाभ लिन सकिएको छैन । स्वदेशमा रोजगारी, स्वरोजगारीको प्रवर्धन हुन नसक्दा, अध्ययन र भविष्यप्रतिको निराशालगायतका कारण बिदेसिने क्रम बढ्दो छ ।

राष्ट्रिय युवा परिषद्को पछिल्लो प्रतिवेदन अनुसार युवाशक्तिको ३ प्रतिशत पूर्ण बेरोजगार, २८ प्रतिशत अर्ध बेरोजगार र ५८. प्रतिशत स्वरोजगार छ । वैदेशिक रोजगारीमा जाने युवामध्ये दुई प्रतिशत मात्र दक्ष र ७४ प्रतिशत अदक्ष छन् । युवा राष्ट्रका भविष्य हुन् । यस सन्दर्भमा यस पटकको युवा दिवसमा तय गरिएको “दिगो विकास लक्ष्य प्राप्तिमा युवाको साथ, हरित विश्व निर्माणमा हरित सिप विकास” नारा मननीय छ ।

युवामा सिप विकास गरी दक्ष बनाउने र समुचित परिचालनमार्फत विकास लक्ष्य परिलक्षित कार्यक्रमहरुमा राज्यको प्राथमिकता आवश्यक छ । युवाको समुचित व्यवस्थापन र परिचालन गर्न सक्दा तीव्र रुपान्तरण अनि युवा परिचालन सही ढगंले नहुँदा ध्वंस, द्वन्द्वको दुष्चक्रमा परेका मुलुक देखिए, भोगिएकै छ । अग्रगामी संकल्प र लगनशीलता भएका नेपाली युवामा पनि नवप्रवर्तनकारी सोच, सिप र क्षमता छ । नेपाल सरकारले आफ्नो सिप र क्षमतालाई राष्ट्रको बिगो विकासमा खर्चिन गर्नुभएको आव्हानलाई युवाले आफ्नै सुन्दर भविष्यका लागि आत्मसात् गर्नु बुद्धिमत्ता हुनेछ ।

तुल्नात्मक रुपमा नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखाको क्रियाकलाप र कार्यक्रमहरु युवा लक्षित नै देखिएको छ । सबै विद्यालयमा युवा रेडक्रस सर्कल गठनदेखि उनीहरुलाई आधारभूत तालिम, मानवीय सेवामा लाग्न अभिप्रेरित गर्ने कार्यलाई प्रभावकारी रुपमा अघि बढाउनु जरुरी देखिन्छ । तसर्थ नेपाल रेडक्रस सोसाइटी जस्तो विश्वव्यापी मानतावादी संस्थाको आजीवन सदस्य भएर व्यक्तिगत, पारिवारिक र समूहगत स्वार्थ भन्दा माथि उठेर विपत्तिमा मानवको उद्धार, राहत र पुनर्स्थापनामा योगदान दिन सबै युवा समूहलाई अभिप्रेरित गर्न नेरेसो मध्यपुर थिमि उपशाखाले ठोस योजना र कार्यक्रम सहित अगाडि बढ्न सकेमा युवा रेडक्रसको भूमिका अझ सशक्त र प्रभावकारी हुने देखिन्छ ।

"उद्यमशीलताका लागि बचत गर्ने बानी बसालौं"

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

भरत श्रेष्ठ
अध्यक्ष एवं

झरना बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि-४, शंखधरचोक
फोनः ०१-६६३५२३८, ६६३६४२६

"एकका लागि सबै, सबैका लागि एक नै सहकारिता हो ।"

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

मध्यपुर थिमि बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि न.पा. ४, शंखधरचोक, भक्तपुर
फोनः ०१-५०९३४४४

"लगानीको माध्यपबाट आर्थिक तथा सामाजिक उन्नति गरौं ।"

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं
छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

कुमारी इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.
मध्यपुर थिमि -४, शंखधरचोक
फोनः ०१-५६३९०६२

"सफलताको लागि हरपल सहयोगी ।"

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य एवम् शुभेच्छुक महानुभावहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

बाबा बचत तथा ऋण सहकारी संस्था लि.
मध्यपुर थिमि न.पा. ४, शंखधरचोक
फोनः ०१-५०९३३५२
९८४१२७०५५४

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण सदस्यहरु एवं
रेडक्रसप्रेमी शुभचिन्तकहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

धर्मराज थापा
मन्त्री

परशु राम पाण्डे
सभापति

नेपाल रेडक्रस सोसाइटी

जिल्ला शाखा भक्तपुर
दुधपाटी, भक्तपुर
फोन: ०१-६६११६६१, ६६१२२६६

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं
शुभचिन्तकहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

गृष्मा नेत्रम् अप्टिकल

शंखधरचोक, मध्यपुर थिमि
मध्यपुर अस्पतालसँगै
फोन: ९८१८८३५०१५, ९८४३०८३३०७

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं
शुभचिन्तकहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।

नेपाल सम्वत् ११४५ नयाँ वर्ष,
शुभ-दीपावली एवं छठ पर्वको
उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग एवं
शुभचिन्तकहरुमा हार्दिक मंगलमय

शुभ-कामना

व्यक्त गर्दछौं ।



शक्ति संचय

प्रकाशमान "बाबुचा"

"छपा: ल्हातं मरि बुइमखु ।" धयागु नेवा: जातीया पुलांगु उखानं प्रष्टयाना च्वंगु दु कि नेवा: त गुली संगठित जू धयागु खँ । छँ व बुँ ज्या:या निति जक मिसा मिजंया समानता दु धका: हिस्याइपिं छम्हुचा मनूतय्गु लान्छानायात नेवा: जातीय उत्पत्तिकालया इतिहासं ब्वनेत इनाप याना: च्वना । नेवा: जातीं हना: वया: च्वंगु संस्कृति, रीति थितिया नापं सामाजिक ज्या:य् नं मिसातय्त संगठित याना: यंका च्वंगु इतिहास मखंपि नेवा: मिसातय्त थौंया इलय् व:हे पुलांगु रुढीगत संकिर्ण मानासिकतायात भ्री सामाजिक न्ह्यलुवा धया: च्वनापिंनसं नाला कया: च्वनेगु ख:सा भ्रीगु मानवीय् अस्तित्वय् न्ह्यस: चिं दं वइगु निर्विवाद खँ ख: ।

छुं नं सामाजिक ज्या: खँय् मिसातय्त छ्यले मफूगुया कारण छु खलय् ? धयागु न्ह्योस: चिंलं भ्रीत मानसिक रुपं महसुस याका: च्वंगु सवाल ख: । अथेसां युगौं पुलांगु सामाजिक जीवन प्रकृया ख: धका: सुम्क च्वना च्वनेगु ख:सा भावी पिढीया लागि तधंगु दुर्भाग्यया खँ ख: । उके संसारया फुक्क जनसंख्याया बच्छी भाग क्व:त्यला च्वपिं मिसा त नं ख: । नेपा:या जनसंख्याया हिंसायात तुलनात्मक रुपं स्वयेबल्य् नं बछि दु । उकें समाज विकासया नितिं अति आवश्यक सामाजिक जीवन प्रणालीयात सु-संगठित अनुशासित व नैतिक चरित्र निर्माण यायेगु ज्या:य् मिसातय्गु अंहम भूमिका दुगु खँय् सुयाकें बिमति दय्फइमखु । अथे हे खुला रुपं सामाजिक ज्या: खँय् न मिसा जातीयात भ्रीसं छ्यला: क्यने फत: धा:सा थ्व भ्रीगु विद्यमान समाजया असमानता, लोभलालच हयाच्वंगु विकृतियात न्हंका छ्वयेत अ:पुइगु खँ यात नं भ्रीसं स्वीकार याये फय्मा ।

संसारय् च्वंपि फुक्क मिसा मिजंया ज्या: मानव जातीया सेवा यायेगु ख: । मानवसेवा यायेगु ज्या:य् मिसा मिजंया ल्वाभ: व क्षेत्र अलग अलग जुयाच्वनि । छगू मानवयात सेवा यायेगुया नितिं ह:पा: व ग्वाहालि यायेगु । निगुगू मानव जातीया जीवन सुथां नापं विकास यायेगु लागिं ह:पा व ग्वाहालि यायेगु । मानवकुलय् जन्म जूम्ह मचायात भेद्भावपूर्ण हेलाया भावनं वाल मष्टिस्कय् लाइगु मनोबैज्ञानिक छापयात नकारात्मक प्रभावयात मां-बौपिन्सं वास्ता मयागुया हुनिं सामाजिक विकृति विकास यायेगु ज्या:य् ह:पा बिया: च्वनापिं भ्री हे ख: धयागु खँया गुब्ले तक भ्रीसं महसुसयाना मिसा मिजंयात बिना भेदभावया व्यवहार मयाइ अब्ले तक सामाजिक विकृति, पारिवारिक विखण्डनया सिलसिलया ज्या: थथें हे न्हना: वनिमखु ।

साहित्य, कला व संस्कृतियात सामाजिक जीवन प्रणालीयात यथार्थपरक ढंगं गब्लेतक समानरुपं व्याख्या व विश्लेषण याये मफइ अब्ले तक मिसा व मिजंया दथुइं युगौं निसें दया: वयाच्वंगु असमान भेदभावपूर्ण व्यवहार ल्यना: च्वनिगु अस्वाभविक खँ मखु । युगौं पुलांगु साहित्य, कला व संस्कृतिया विरोधया विकास मात्र मिजं जातीया नितिं जक ख: ला ? धयागु थौंया मिसातय्गु न्ह्योसलं आम साहित्य, कला व संस्कृतिप्रेमि मिजंतय्त बिचा: याये मायेका च्वंगु वर्तमान ईया न्ह्य:लुवा मिजंतय्सं ह्युपा:या नितिं थ:गु भाषण व साहित्यय् जक च्वया: व्यवहारय् छ्यला: मच्वंगुया हुनि छु ले ? सामाजिक जीवन प्रणालीया संरचनायात ऐतिहासिक रुपं युग अनुसार जुया: व:गु विकासया झ्वलय् मानवीय आवश्यकता स्वया: इर्स्याया भावनं ज्या: याका: यंका: च्वंगुया

हुनि सामाजिक विकृति व पारिवारिक बिखण्डन जू व:गु मनोबैज्ञानिक कारण ख:ला ?

आम मिसात अप्पो कल्पनाशिल, भावुक व लज्जाशिल जुइगु प्रकृति प्रदत गुण ख: । मचांनिसें म्ह्याय् मस्तय्त मिजंत स्वया: कमजोर छैंया ज्या: यायेगु स्वयेगु व मचात हुर्कय् यायेगु ज्या:य् जक केन्द्रित यानातयेगु पारिवारिक व्यवहार व मौलिक शिक्षां याना: मनोबैज्ञानिक तवरं छाप लाना: च्वंगु यथार्थपरक खँ ख: । न्ह्योखँया स:लिसें न्हिछिया ज्यां थकित शरीरयात थनां बिइ, अब्लेनिसें तुफिज्वना बँपुइ, लुखा बँइली, थ:गु नित्य कर्मया वास्ता मयासें ज्या:या बन्दोवस्त, ज्यना:, बजि, बेलिया बन्दोवस्त, चिप सिलेगु ज्या: याना: नं सुं सुनानं जस मदुगुलिं भ्कन अप्पो मानसिक तवरं हिन भावनाया विकास जूवनिगु ज्या:यात पना: बिइपिं सुं मदइबलय् मिसा जातीयात सामाजिक जीवनं वाक दिक्क वय्कीगु व्यवहार यात भ्कीसं ह:पा: बिया: इमिगु सिप व कलायात समाजय् पिब्वया: बिइमा:गु भ्कीगु समाज विकासया शुभलक्षण जू वइगु जित: ता: । गुब्ले तक भ्कीगु समाजं थौंया युवा शक्तियात आत्मनिर्भर जुइ फइगु सिपमूलक कार्यक्रम मार्फत विभिन्न विषयलय् अनौपचारिक शिक्षा बिया: समाज विकासया ज्या:य् थौंनिसें छ्यला यंके फत धा:सा जक भ्कीसं भ्कीगु समाजया आजु पुवंके फइ । विद्यमान नेपाली समाज मिजं प्रधान समाज ख: । शिक्षित मां-बौपिन्सं हे म्ह्याययात स्वया: काय्यात अप्पो महत्व बियाच्वंगु यथार्थ खँ ख: धा:सा अनपढ पौराणिक संस्कारं ग्रष्ट मां-बौंपिन्सं म्ह्याय्यात स्वया: काय्यात हरेक क्षेत्रय् भेदभाव याइगु स्वाभाविक सामाजिक प्रकृया ख:, थ्वहे काय् म्हाय्यात यायेगु भ्कीगु भेदभावपूर्ण व्यवहारया हुनिं भ्की नेवा:तय्गु सामाजिक संरचनाया कमजोरीयात नेवा: संस्कृति विरोधी निहित स्वार्थि राजनीतिक व्यक्तित्वतय्सं नेवा:तय्गु मान, मर्यादा, माया-ममता व स्नेहपूर्ण तवरं न्ह्यानाच्वंगु विकसित सामाजिक सांस्कृतकि संरचनायात न्हंका छ्वयेत विभिन्न रुपं मिसा जातीयात आर्थिक लोभया नारा बिया: नेवा:तय्गु सु-संस्कृति रुपं न्ह्याना: च्वंगु सामाजिक विधि व्यवहारयात तहस नहस यायेत मानसिक रुप छाप बियाच्वंगु विषययात भ्की नेवा: विद्वान व नेवा: जातीया हितया निति स्वनां त:गु संघ संस्थातय्सं ग्यसुला:गु नेवा: जनशक्तिया विकास याना: अज्या:गु नेवा: समाज विरोध ज्या: खँया बारे सुक्ष्म ढंगं अध्ययन अनुसन्धान याना: वैज्ञानिक तवरं नेवा: मिसा जातितय्सं थ्व इलय् शिक्षित याना: संगठित याये मफुत धा:सा भ्की नेवा:तय्गु सामाजिक संरचनाय् तधंगु भुखाय् ब्वयेफूगु खँय् थनिंनिसें भ्की व भ्कीगु समाज लगय् जुइमा:गु ईया माग यात भ्कीसं पुरायाये फइ धैगु मानसिक शक्तिया संचय् यायेगु ज्या:य् थौंनिसें लगय् जुइमा:गु थौंया आवश्यकता ख: ।

सिर्जनशिल भविष्यया ल्हा:तं भावी सन्ततियात सामाजिक जीवनशिल प्राणीयात रुपय् विकसित याये फुपिं क्षमतावान, कल्पनशिल व: उत्पादनशिल नव प्रतिभावान मिसा जातियात घरेलु दासतापाखें छुटकारा बिइगु व बिइत स्वयं थ:थ:गु छैं परिवारपाखें सुरु यात धा:सा सामाजिक मान मर्यादाय् आंच वइ धका: ग्या:चिकु पह:यात वाना: छ्वये फय्मा:गु थौंया ईया माग ख: । समाजया सर्वाङ्गिण विकास व हित अनुकूल व थ:गु मान, मर्यादा, चरित्रयात ल्व:गु तरिका छ्यला: सामाजिक सेवा क्षेत्रय् लगय् जुइके मा:गु आवश्यकता बोध जुइमा:गु लकस दयेका बिइमा:गु भ्की नेवा: आन्दोलनया न्हेलुवा धका: नेतृत्वदायि भूमिका म्हितेगु थासय् च्वजना च्वंपिनिगु कर्तव्य ख: धयागु खँयात थौंनिसें फुक्क सियां महसुस जुइमा:गु खँ ख: । उकें भ्कीगु समाजया आम भाषा, जाति व संस्कृतिप्रेमी संघ संस्था, गुथि व खल: पुच:तय्सं समाजया प्रत्येक कार्य क्षेत्रय् लागु याना: प्रत्येक छैंय् परिवारय् च्वंपिं मिसातय्सं थ:थ:गु रुचि व क्षमता अनुसार संस्थागत रुपय् आवद्ध याना: इमिगु आन्तरिक रुपं लिकुना च्वंगु उर्जायात प्रस्फुटन याका: सामाजिक क्रियाकलापय् छ्यला: निर्भयपूर्ण तरिकां थ:गु भावनायात समाजय् निर्धक रुपं विचार तये फइगु क्षमताया विकास यायेगुया ज्या:य् भ्कीसं ह:पा: बिया: यंके फत धा:सा भ्कीसं ता:तुनागु समाज विकास व भ्कीगु समाजय् खल:, पुच:, गुथि व संघसंस्था स्वनागुया आज्जु पुवनि । सुभाय्

नेपालमा जलवायु लचिलोपनको निर्माणमा रेडक्रसको भूमिका

ई. ईन्द्रनारायण न्हुछे श्रेष्ठ

१. परिचय :

नेपाल रेडक्रस सोसाइटी (NRCS) द्वारा “जलवायु र वातावरणीय कार्य २०२३ को लागि रणनीतिक रूपरेखा” नेपालले सामना गर्ने बढ्दो तापक्रम, अनियमित मौसम ढाँचा र बारम्बार प्राकृतिक प्रकोप जस्ता बढ्दो जलवायु सम्बन्धी चुनौतिहरूको सामना गर्न डिजाइन गरिएको एक विस्तृत योजना हो । यसले विपद् जोखिम न्यूनीकरण, जलवायु-स्मार्ट पहलहरू, दिगो जीवन र सीमान्तकृत समूहहरूको समावेशीकरण मार्फत कमजोर समुदायहरूको लचिलोपन निर्माणमा केन्द्रित छ । ढाँचाले सरकारी निकायहरू, अन्तर्राष्ट्रिय संस्थाहरू र स्थानीय साझेदार हरूसँगको सहकार्यलाई प्रवर्द्धन गर्दै संस्थागत र सामुदायिक स्तरहरूमा क्षमता निर्माणमा पनि जोड दिन्छ । यद्यपि, योजना महत्वाकांक्षी र दायरा फराकिलो भए पनि यसले स्पष्ट कार्यान्वयन र णनीतिको अभाव, सीमित अनुसन्धान क्षमता, सहरी जोखिममा अपर्याप्त ध्यान र बाह्य कोषमा निर्भरता जस्ता चुनौतीहरूको सामना गर्छ । यस लेखले ढाँचाको बल र सुधारका लागि क्षेत्रहरूको आलोचनात्मक समीक्षा गर्दछ, दीर्घकालीन जलवायु लचिलोपन सुनिश्चित गर्न NRCS को रणनीतिक दृष्टिकोण र नेपालको दवावपूर्ण वातावरणीय चुनौतीहरूको थप प्रभावकारी प्रतिक्रियाहरू सुनिश्चित गर्न सिफारिसहरू प्रदान गर्दछ ।

२. योजनाको बारेमा के राम्रो छ ?

क) महत्त्वपूर्ण मुद्दाहरू समेट्छ :

योजनाले विपद् व्यवस्थापन, स्वास्थ्य, खाद्य सुरक्षा, स्वच्छ पानी र वातावरण संरक्षण जस्ता धेरै महत्त्वपूर्ण क्षेत्रहरूलाई हेर्छ । यसले यी क्षेत्रहरूमा जलवायु र वातावरणीय सरोकारहरू समावेश गरेको सुनिश्चित गर्दछ ।

ख) समुदायहरूमा फोकस :

योजनाले स्थानीय समुदायहरूलाई जलवायु परिवर्तन विरुद्धको लडाइको नेतृत्व गर्न सशक्त बनाउँछ । यो महत्त्वपूर्ण छ किनभने नेपालमा धेरै ग्रामीण क्षेत्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित छन् ।

ग) टिमवर्कलाई प्रोत्साहन गर्छ :

योजनाले सरकार, अन्तर्राष्ट्रिय संस्थाहरू र सामुदायिक समूहहरूसँग मिलेर काम गर्न प्रोत्साहन गर्छ । यसले NRCS ले गरेको काम राष्ट्रिय योजनाहरूसँग राम्रोसँग मेल खान्छ भन्ने सुनिश्चित गर्छ, जस्तै जलवायु परिवर्तन र प्रकोप प्रतिक्रियामा केन्द्रित ।

घ) ज्ञान र सीपहरू :

योजनाको ठूलो भाग जलवायु जोखिमहरूसँग कसरी व्यवहार गर्ने मानिसहरू र संस्थाहरूलाई

सिकाउने बारे हो । यसले जलवायु सम्बन्धी समस्याहरूबाट आफूलाई जोगाउन सक्ने बलियो समुदायहरू सिर्जना गर्न मद्दत गर्छ ।

ङ) दिगो अभ्यासहरू प्रवर्द्धन :

योजनाले दिगो कार्यहरू, जस्तै फोहोर घटाउने, नवीकरणीय ऊर्जा प्रयोग गर्ने र ऊर्जा दक्षता सुधार गर्न जोड दिन्छ । यसले नवप्रवर्तन, आधुनिक प्रविधि र परम्परागत ज्ञान दुवैको प्रयोगलाई प्रोत्साहन गर्दछ ।

च) विश्वव्यापी दिशानिर्देशहरू :

यो योजना पेरिस सम्झौता र दिगो विकास लक्ष्यहरू जस्ता महत्त्वपूर्ण अन्तर्राष्ट्रिय जलवायु सम्झौताहरूसँग सम्बद्ध छ । यसले स्थानीय समस्याहरूलाई सम्बोधन गर्दा NRCS लाई विश्वव्यापी स्तरमा काम गर्न मद्दत गर्दछ ।

छ) समावेशीकरण र समानतालाई समर्थन :

योजना सीमान्तकृत समूहहरूलाई संरक्षण गर्न र सबैलाई विशेष गरी महिला र जोखिममा परेका जनसंख्याले जलवायु कार्यबाट लाभान्वित हुने कुरा सुनिश्चित गर्नमा केन्द्रित छ ।

ज) निवारक कार्यहरू :

यसले "पूर्वानुमान कार्यहरू" समावेश गर्दछ, जसको अर्थ मौसम पूर्वानुमान र अन्य प्रारम्भिक चेतावनी प्रणालीहरू प्रयोग गरेर प्रकोपहरू हुनु अघि कार्य गर्नु हो । यसले प्रकोपबाट हुने क्षतिलाई कम गर्न मद्दत गर्छ ।

झ) आदिवासी ज्ञानको सम्मान :

योजनाले स्थानीय र स्वदेशी ज्ञानलाई महत्त्व दिन्छ, जसले जलवायु चुनौतीहरूको व्यावहारिक, सांस्कृतिक रूपमा उपयुक्त समाधानहरू प्रदान गर्न सक्छ ।

३. योजनाका चुनौतीहरू

क) पूर्ण रूपमा कार्यान्वयन गर्न गाह्रो :

योजना महत्त्वाकांक्षी छ, धेरै पैसा र स्रोतहरूको आवश्यकताको कारण पूर्ण रूपमा कार्यान्वयन गर्न गाह्रो हुन सक्छ । यो सबै रकम कहाँबाट आउँछ भन्ने स्पष्ट रूपमा स्पष्ट छैन ।

ख) राम्रो ट्र्याकिङ्गको आवश्यकता :

योजनामा सफलता मापन गर्न पर्याप्त स्पष्ट लक्ष्य वा सूचकहरू छैनन् । यसले गर्दा भइरहेको कामले फरक पारिरहेको छ कि भनेर जान्न गाह्रो हुन्छ ।

ग) अनुसन्धान समर्थनको अभाव :

योजनाले अनुसन्धान र नयाँ विचारहरूको आवश्यकताको बारेमा कुरा गर्छ, तर NRCS सँग समर्पित अनुसन्धान विभाग छैन । यसले नयाँ ज्ञान र समाधानहरू उत्पन्न गर्न गाह्रो बनाउँछ ।

घ) धेरै क्षेत्रहरू कभर:

योजनाले धेरै क्षेत्रहरू समेट्छ, जसले NRCS को स्रोत र क्षमताहरूलाई ओझेलमा पार्न सक्छ । केही प्राथमिकताका क्षेत्रहरूमा फोकस गर्दा अझ प्रभावकारी हुनेछ ।

ङ) थप शहरी फोकसको आवश्यकता :

यो योजना मुख्यतया ग्रामीण क्षेत्रहरूमा केन्द्रित छ तर शहरहरूमा बढ्दो जलवायु जोखिमहरूमा पर्याप्त ध्यान दिँदैन । नेपालका सहरहरू तीव्र गतिमा बढ्दै गएकाले उनीहरूले जलवायु परिवर्तनबाट बढी जोखिमको सामना गरिरहेका छन् ।

च) निजी क्षेत्र साझेदारीको अभाव :

योजनाले कसरी व्यवसाय र निजी कम्पनीहरूले जलवायु कार्यमा योगदान गर्न सक्छन् भन्ने पूर्ण

रूपमा अन्वेषण गर्दैन । निजी क्षेत्रलाई संलग्न गर्नाले थप पैसा र विशेषज्ञता ल्याउन सक्छ ।

छ) टेक्नोलोजीमा पर्याप्त फोकस छैन :

योजनाले प्रविधिलाई उल्लेख गरेको छ तर कृत्रिम बुद्धिमत्ता (एआई), ड्रोन वा डिजिटल प्लेटफर्महरू जस्ता आधुनिक उपकरणहरूको पूर्ण रूपमा फाइदा लिन सक्दैन जसले जलवायु अनुगमन र प्रकोप प्रतिक्रियामा मद्दत गर्न सक्छ ।

४. सुधारका लागि सुझावहरू

क) थप कोष सुरक्षित गर्ने :

योजना कार्यान्वयन गर्न पर्याप्त स्रोतहरू छन् भनी सुनिश्चित गर्न NRCS ले व्यवसाय, अन्तर्राष्ट्रिय दाताहरू र सरकारी अनुदानहरू जस्ता थप कोषका स्रोतहरू खोज्नुपर्छ ।

ख) चरणबद्ध कार्यान्वयन :

NRCS ले योजनालाई चरणहरूमा विभाजन गर्ने, विपद् व्यवस्थापन जस्ता सबैभन्दा महत्त्वपूर्ण क्षेत्रहरूबाट सुरु गर्ने विचार गर्नुपर्छ । यसले स्रोतहरूलाई फोकस गर्न र एकैचोटि धेरै गर्नबाट बच्न मद्दत गर्नेछ ।

ग) प्रगतिको राम्रो ट्र्याकिङ्ग :

NRCS ले प्रगति ट्र्याक गर्न स्पष्ट, मापनयोग्य लक्ष्यहरू र समयरेखाहरू सिर्जना गर्नु पर्छ । यसले योजनालाई उद्देश्य अनुसार काम गरिरहेको सुनिश्चित गर्न मद्दत गर्नेछ ।

घ) सहरहरूमा बढी फोकस गर्ने :

